वर्ष : १७, अंक : १६, काठमाडौं, २०७८ साउन १६ गते शुक्रबार, 30 July 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse@gmail.com

## महन्थ ठाकुरलाई भीष्मपितामहको संज्ञा



काठमाडौं । जनता समाजवादी पार्टी नेपालका केन्द्रीय कार्यकारिणी समिति सदस्य तथा सांसद रेशमलाल चौधरीले अध्यक्ष महन्थ ठाकुरलाई भीष्मपीतामहको संज्ञा दिएका छन् ।

पार्टीको आधिकारिकता विषयमा सनाखतका लागि निर्वाचन आयोग पुगेका सांसद चौधरीले अध्यक्ष ठाकुरलाई राजनीतिको भीष्मपीतामहको दर्जा दिएका हुन् ।

उनले अध्यक्ष ठाकुर राजनीतिक निष्ठा र इमान्दारिताको प्रतिमूर्ति रहेको समेत जिकिर गरेका हुन् । उनले पक्ष वा विपक्षमा आफूले सनाखत गर्ने नैतिकताले नदिएको बताउँदै भने, 'मेरो लागि पक्ष र विपक्ष दुवै जसपा नै हो । म जसपाको एउटा कार्यकर्ता हो ।'

उनले आफू राजनीतिक मुद्दाका कारणले जेल बस्नु परेको बताउँदै आफ्नो मुद्दामा जसपाले कतिको लडिरहेको छ, त्यो नेताहरुको दृष्टिकोण होला भने ।

## उपेन्द्रलाई आधिकारिकता

काठमाडौं । जनता समाजवादी पार्टी नेपालको आधिकारिकता उपेन्द्र यादव पक्षले पाएको छ । निर्वाचन आयोगले जसपाको आधिकारिकता यादव पक्षलाई आधिकारिकता दिएको हो ।

जसपाका बहुमत सदस्यले यादव पक्षमा हस्ताक्षर गरेका आधिकारिकता दिइएको जनाइएको छ । अध्यक्ष यादवले जसपाको आधिकारिकताका लागि निर्वाचन आयोगमा दाबी गरेका थिए ।

जसपाका अध्यक्षद्वय यादव र महन्थ ठाकुर पक्षबीच आधिकारिकता सम्बन्धी विवाद भएपछि निर्वाचन आयोगले केन्द्रीय कार्यकारिणी समितिका सदस्यहरुलाई आयोगमै बोलाएर को कसको पक्षमा भनेर सनाखत गराएको थियो ।

# महन्थ ठाकुरलाई न जसपा न राजपा नै

## कसरी भए ठाकुर दलविहीन ? अबको रणनीति के ?

**मधेशवाणी डेस्क**

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) को आधिकारिकता उपेन्द्र यादव पक्षले पाएसँगै महन्थ ठाकुरको ६ दशक लामो राजनीतिक जीवन संकटमा परेको छ । उनी राजनीतिक जीवनको उत्तरार्धमा आएर दलविहीन बन्न बनेका हुन ।

नेपाली कांग्रेस, तराई मधेश लोकतान्त्रिक पार्टी, राष्ट्रिय जनता पार्टी हुँदै जनता समाजवादी पार्टीसम्मको यात्रामा ठाकुरले राजनीतिबाट सन्यास नलिए पनि दलविहीन बनेका हुन ।

निर्वाचन आयोगले जसपाको आधिकारिकता यावदलाई दिने निर्णयले दलविहीन बनेका महन्थ र उनको समूहमा रहेका नेताहरुको भविष्य पनि अन्योलमा परेको छ ।



जेठ ७ को मध्यरातमा प्रतिनिधिसभा विघटनपछि जसपा अध्यक्ष उपेन्द्र यादवलाई छाडेर आफूतिर आएका र आफैंले मन्त्री बनाएका मात्र होइन, वर्षौंदेखी आफूसँगै रहेका एकपछि अर्को नेताले छाडेपछि राजनीतिको उत्तरार्धमा ठाकुर दलविहीन बनेका छन् । एमाले र माओवादी केन्द्र ब्यूँतिएपछि प्रधानमन्त्रीकै प्रस्ताव आउँदा समेत ठाकुरले एमाले अध्यक्ष केपी शर्मा ओलीका लागि त्यस्तो लाभ पनि नलिएको विश्लेषण हुन थालेको छ ।

सम्पत्ति, निजी जीवनदेखि राजनीतिसम्ममा त्यागका पर्याय बनेका महन्थले लामो राजनीतिक जीवनमा अवसर नपाएका पनि होइनन् । कांग्रेसको राजनीतिबाट २०४८ मा सर्लाही-५ बाट बहुदलीय व्यवस्थामा पहिलो चुनाव जितेका उनी २०५१ मा उपसभामुख बनेका थिए । २०५१ को मध्यावधि निर्वाचन जितेर कृषिमन्त्री पनि बने । २०५६ मा कानुनमन्त्री बनेका उनी गिरिजाप्रसाद कोइरालाका विश्वासपात्र हुँदै कांग्रेसको कोषाध्यक्षसम्म बनेका थिए । कांग्रेस छाडेर मधेश आन्दोलनमा लाग्नुअघि उनी विज्ञान तथा प्रविधिमन्त्री बने ।

२०६४ को चुनावअघि तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) गठन गरेका ठाकुर २०६४ को संविधानसभा सदस्य निर्वाचनमा पराजित भएपनि मन्त्रिपरिषद्बाट मनोनयन हुने २६ जना भाग्यमानी भित्र परेर संविधानसभा सदस्य बनेका थिए । दोस्रो संविधानसभामा पनि हार व्यहोरे पनि उनी दोस्रो मधेश आन्दोलनमा निर्विवाद नेताका रुपमा स्थापित भए । संविधान घोषणा पछिको आम निर्वाचनअघि विभाजनबाट चिराचिरा बनेको मधेशवादी ६ दल मिलाएर राजपा बनाएका ठाकुरले जुनियर नेताहरुलाई अध्यक्ष मण्डलको संयोजकमा आलोपालो गर्न सहमति दिएर त्याग देखाए । राजपामा चलेको अन्त्यहीन अन्तरसंघर्षबाट आजित ठाकुरले उपेन्द्र यादव नेतृत्वको समाजवादी पार्टीसँग एकता गर्न चाहेपनि लामो समय सम्भब भएन ।

२०७७ वैशाखमा तत्कालीन प्रधानमन्त्री ओलीले दल विभाजनलाई सहज बनाउने अध्यादेश ल्याएर समाजवादी पार्टी फुटाउन खोजेपछि राजपा र उपेन्द्र यादवको संघीय समाजवादी पार्टीबीच रातारात एकता भएर २०७७ वैशाख १० गते जनता समाजवादी पार्टी नेपाल (जसपा) जन्मियो । उनै ओलीले दोश्रो पटक गरेको प्रतिनिधिसभा विघटन र सत्ता सञ्चालनमा साथ दिँदा ठाकुर जसपाको आधिकारिकता गुमाएर दलविहीन बन्न पुगेका छन् । यादव पक्षलाई आफूहरुले 'उद्धार' गरेको दाबी गर्ने ठाकुर पक्षसँग अहिले १२ जना मात्र सांसद छन् ।

संसदीय दलमा प्रष्ट बहुमतमा रहेका ठाकुर अहिले भने कार्यकारिणी र संसदीय दल दुवैबाट बहुमत गुमाएपछि दलविहीन बनेका हुन् ।

१६ जना कार्यकारिणी समिति सदस्यलाई आधिकारिकता पाएका उपेन्द्र यादव पक्षका ३४ सदस्यहरुको बैठकले कारबाही गरेसँगै अब महन्थ समूहसँग पार्टीमै आत्मसमर्पण गरेर बस्ने, निर्वाचन आयोगको निर्णय विरुद्ध अदालतमा रिट निवेदन मार्फत न्यायिक लडाई लड्ने र नयाँ दल गठन गर्ने बिकल्प मात्रै बाँकी छ ।

नयाँ दल दर्ता गर्दा आफूसँग रहेका सांसदहरु समेत गुमाउनुपर्ने दबाबमा रहेको महन्थ-राजेन्द्र महतो समूहले कस्तो कदम चाल्छ, चासोका साथ प्रतिक्षा गरिएको छ ।

**अबको रणनीति**

ठाकुर पक्षलाई पुराना राजपा ब्युँत्याउन पनि सजिलो छैन । निर्वाचन आयोगमा असार २५ गते नै एक व्यक्तिले राजपा नामको पार्टी दर्ता गरिसकेका छन । उता राजपाको चुनाव चिन्ह पनि नेपाल सद्भावना पार्टीले लिन निवेदन दिइसकेको छ ।

अब जसपा नाम र चुनाव चिन्ह महन्थ ठाकुर पक्षले नपाउने पनि सम्भावना बढी छ । ठाकुरले असार दोस्रो हप्ता यादव पक्षका २० कार्यकारिणी सदस्यलाई निष्कासन गरेर आफ्ना पक्षका थप गरेका थिए। तिनै थप गरेका कार्यकारिणी सदस्य लिएर ठाकुर नयाँ नामको विषयमा छलफल गरिरहेका छन् ।

ठाकुर पक्षीय नेताहरुले नयाँ पार्टी गठन गर्दा बलियो पूर्वाधार निर्माण गरेर मात्र कदम चाल्नुपर्ने सुझाव नेतृत्वलाई दिएका छन् ।

अधिकांश जिल्लामा राजपाकै बलियो टिम रहेकाले सोही नाम लिएर जानुपर्ने प्रस्ताव पनि आएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## ३ सांसदलाई कारबाही गर्ने जसपाको निर्णय

काठमाडौं । जनता समाजवादी पार्टी (जसपा) ले पार्टीको निर्णयविपरीत लुम्बिनी प्रदेश सरकारमा सहभागी ३ जना प्रदेशसभा सदस्यलाई कारबाही गरेको छ। निर्वाचन आयोगबाट आधिकारिकता पाएपछि मंगलबार बसेको जसपा कार्यकारिणी समितिको बैठकले लुम्बिनी प्रदेशसभा सदस्यहरु सन्तोषकुमार पाण्डेय, विजयबहादुर यादव र कल्पना पाण्डेलाई प्रदेशसभा सदस्यबाट कारबाही गरेको हो ।

पार्टी निर्णय विपरीत लुम्बिनी प्रदेश सरकारमा सहभागी उनीहरुलाई यसअघि पनि जसपाले पार्टीबाट निष्कासन गरेको थियो । जसपाको निर्णयको आधारमा लुम्बिनी प्रदेशसभा सचिवालयले उनीहरु सांसद नरहेको भनी सूचना प्रकाशन गरेको थियो । उनीहरू तीनै जना जसपाको अध्यक्ष महन्थ ठाकुर पक्षका प्रदेशसभा सदस्य हुन् ।

पार्टी र प्रदेशसभा सचिवालयको निर्णय विपरीत रिट लिएर सर्वोच्च अदालत गएका उनीहरुको पद सर्वोच्चको आदेशमा थमौती भएको थियो । उपेन्द्र यादव पक्षले निर्वाचन आयोगबाट आधिकारिकता पाएपछि फेरि ती सांसदहरुलाई कारबाही गरेको हो । लुम्बिनी प्रदेश सरकारमा जसपाका ४ जना सांसद सहभागी भए पनि केही दिनअघि सुमन शर्मा रायमाझीले राजीनामा दिएकी थिइन् ।

त्यस्तै जसपाको तर्फबाट स्थानीय तहमा निर्वाचित तर अन्य पार्टीमा गएका जनप्रतिनिधिलाई पदमुक्त गर्न निर्वाचन आयोगमा सिफारिस गरेको कार्यकारिणी सदस्य गंगा श्रेष्ठले जानकारी दिए ।

## प्रदेश २ सरकारविरुद्ध प्रदर्शन

जनकपुरधाम । राष्ट्रिय एकता अभियानले प्रदेश २ सरकारविरुद्ध जनकपुरमा प्रदर्शन गरेको छ । प्रदेश २ सरकारले मदरसा शिक्षा विधेयक ल्याएर प्रदेशलाई तालिबान बनाउन लागेको आरोप लगाउँदै एकता अभियानले प्रदर्शन गरेको हो । उनीहरुले विधेयक फिर्ताको माग गर्दै प्रदर्शन गरेका हुन् ।

अभियानका केन्द्रीय अध्यक्ष विनय यादवको नेतृत्वमा गरिएको बिरोध प्रदर्शनमा अभियानका संरक्षक नवल किशोर बाबा, उपाध्यक्ष सुनीता साह, वरिष्ठ नेता काशीन्द्र यादव, केन्द्रीय सदस्य मनोज पासवान, शर्मिला माहरा,जितेन्द्र दास, प्रदेश २ संयोजक मिथुन साह, जनकपुर संयोजक मनीष पुरबे, उपाध्यक्ष एस के यादव लगायतका युवाहरुको उपस्थिति रहेको थियो ।

राष्ट्रिय एकता अभियानले मुख्यमन्त्री राउतको राजीनामा समेत माग गरेको छ । जनकपुरको रामानन्द चोकबाट शुरु भएको ऱ्याली जनकचोक हुँदै भानु चोकमा पुगेर कोणसभामा परिणत भएको थियो । विरोध प्रदर्शनका क्रममा उनीहरुले मुख्यमन्त्री राउतको पुतला दहन गरेका छन् ।

## कमला किनारमा आस्थायी बाँध निर्माण सुरू

जनकपुरधाम । कमला नदीमा आएको बाढीले दुई साताअघि बगाएको बाँधको मर्मत कार्य सुरु गरिएको छ । वर्षा हुँदा आउने बाढी बस्तीमा प्रवेश गर्ने जोखिम बढेपछि बाढी रोक्न अस्थायी बाँध निर्माण भइरहेको हो ।

धनुषाको किरतपुर र पटेवामा बाँध मर्मतका लागि मजदुर खटिएका छन् । प्लाष्टिकको बोरामा माटो हालेर बाढी रोक्ने प्रयास भइरहेको छ । कमलाको बाढीले कटान गरेको बाँध मर्मत बारे ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसाले स्थलगथत अनुगमन गरेकी छन् । मन्त्री भएकै भोलिप्लट बाँध मर्मतका लागि ५० लाख बजेट निकास गरेका मन्त्री भुसालले बाँध मर्मतका लागि वर्षेनि २/४ करोड खर्च गरेर सम्भव नभएको बताए ।

## संसदीय दलको नेताको टुंगो लगाउँदै जसपा

काठमाडौं, १५ साउन । जनता समाजवादी पार्टी (जसपा) ले साउन १६ गते शनिबार संसदीय दलको नेताको छान्ने भएको छ । संसदीय दलको नेताका लागि दाबेदारहरुको टुंगो भने लागिसकेको छैन । विहीबार बसेको जसपा केन्द्रीय कार्यकारिणी समितिको बैठकले शनिबार संसदीय दलको नेता छान्नका लागि चुनाव गर्ने निर्णय गरेको हो । सकेसम्म सहमतिमा नेता छान्ने, नभएमा निर्वाचनमा जाने निर्णय भएको छ । तीन दिनसम्म बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकले केही नेताहरुको कार्य विभाजनसमेत गरेको छ । जसअनुसार पार्टीभित्र परेका उजुरीहरूको छानविन गर्ने समितिको संयोजकमा नवराज सुवेदीलाई राखिएको छ । त्यसैगरी अनुशासन समितिको संयोजकमा नरसिंह चौधरीलाई राखिएको छ । यसअघि अनुशासन समितिमा लक्ष्मणलाल कर्ण थिए । कर्ण महन्थ ठाकुर पक्षमा लागेका छन् । प्रतिनिधिसभामा जसपाका कुल ३४ सांसदमध्ये २ जना निलम्बित छन् । बाँकी ३२ मध्ये १० जना महन्थ ठाकुर पक्षमा छन् । बाँकी २२ मध्येबाट संसदीय दलको नेता चयन गर्नुपर्ने हुन्छ ।

## यो अवस्थाका लागि एक वर्षअघि उपेन्द्र यादवको पार्टी हामीले बचाइदिएका थिएनौं : राजेन्द्र महतो

काठमाडौं । जनता समाजवादी पार्टी नेपालका वरिष्ठ नेता राजेन्द्र महतोले एक सालअघि उपेन्द्र यादवजीको पार्टी विभाजन भइरहेको भन्दै आफूहरुले जोगाइदिउको बताएका छन् । सोमबार जसपाको आधिकारिता विषयमा निर्वाचन आयोगमा भएको सनाखतपश्चात् नेता महतोले आक्रोश पोखेका छन् । उनले भने, 'एक सालभित्र आजको अवस्था आउँछ भनेर हामीले कल्पना पनि गरेका थिएनौं । त्यही भएर हामी अब जनता मै जाने हो ।' 'यो अवस्थाका लागि हामीले एक वर्षअघि उपेन्द्र यादवको पार्टी हामीले बचाइदिएका थिएनौं । हामी देशमा वैकल्पिक शक्ति निर्माण गर्न र शोषण उत्पीडनमा परेका जनतालाई न्याय दिन हामी एकताबद्ध भएका थियौं । त्यसको ठीक विपरीत यहाँ प्राविधिक पक्ष यहाँ देखाएर विभाजन गर्न खोजिएको छ । यो दूभाग्यपूर्ण हो । जनता अब वैकल्पिक शक्ति निर्माणको प्रक्रियामा अघि बढ्छ । यो बहुराष्ट्रिय राज्य हो । यो सम्पूर्ण नेपालीको देश हो । हामी विचलित हुँदैन ।'

# उखु किसानले फेरि काठमाडौंकेन्द्रित आन्दोलन गर्ने चेतावनी

काठमाडौं । उखु किसान संघर्ष समिति सर्लाहीले पुनः काठमाडौंकेन्द्रित आन्दोलन गर्ने चेतावनी दिएको छ । संघर्ष समितिले बिहीबार संघीय राजधानी काठमाडौंमा पत्रकार सम्मेलन गरी यस्तो चेतावनी दिएको हो ।

विगत तीन वर्षदेखि उखु किसानहरुको चिनी उद्योगीहरुसँग लिन बाँकी रहेको रकम भुक्तानी एवं उखु खेतीको सम्वर्द्धन एवं संरक्षणको लागि आन्दोलनरत् रहँदै आएका छन् ।

पत्रकार सम्मेलनमा विज्ञप्ति जारी गरी 'उखु किसान संघर्ष समिति एवं नेपाल सरकार उद्योग मन्त्रालयबीच २०७७ साल पौष १३ गते पाँचबुँदे सहमति दोस्रो पटक भएको थियो । सहमति अनुसार २१ दिनभित्र उखु किसानहरुको सम्पूर्ण बाँकी बक्यौता रकम उद्योग मन्त्रालयले भुक्तानी गराउन जिम्मेवारी लिएको थियो । तर सम्पूर्ण रकम भुक्तानी गराएइन । उद्योग मन्त्रालय उद्योगीहरुको जायजथा बिक्री गरेर भएपनि किसानहरुलाई भुक्तानी गराउने जिम्मा लिएर पनि सम्पूर्ण भुक्तानी गराउन नसक्नु सरकारको निरीहताको सीमा नाघेको छ । किसानहरुको भविष्यसँग खेलवाड गरिएको छ । यसको जति भर्त्सना गरेर पनि कम नै हुनेछ । अब न्याय खोज्न कहाँ जाने ?' भनेको छ ।

अहिले आएर २०७८ असार १७ गतेको कान्तिपुर पत्रिकामा अन्नपूर्ण चिनी उद्योग, धनकौल सर्लाहीको बिक्री भएको सूचना प्रकाशित भएको छ । प्रकाशित सूचना अनुसार २१ दिनभित्र मिलमा शोभालाल साह भन्ने व्यक्तिसँग सम्पर्क गरी किसानहरुले रकम दाबी गर्नुपर्नेछ, सो अवधिमा रकम दाबी गर्न नसके




किसानहरुले रकम पाउने छैन भनी उल्लेख गरिएको छ । तर त्यो व्यक्ति मोबाइल नम्बर सूचना प्रकाशित मितिदेखि एक हप्तासम्म बन्द नै रहेको थियो ।

जब संघर्ष समितिका संरक्षकसहितका साथीहरुले जिल्ला प्रहरी कार्यालय सर्लाही, जिल्ला प्रशासन कार्यालय सर्लाही, अन्नपूर्ण चिनी मिलका चेयरमैन, खरिद गर्ने पार्टीका तर्फबाट हस्ताक्षरकर्ता ज्ञान कुमार भट्टराईसँग पटक-पटक सम्पर्क गर्दा त्यो व्यक्ति (शोभालाल साह)को फोन त खुल्यो, घण्टी बज्न थाल्यो तर फोन उठेन । चिनी मिल धनकौल सर्लाहीमा सम्पर्क गर्दा किसानहरुलाई उनी भेटेनन् । संघर्ष समितिले सबैतिरबाट दबाब दिएपछि किसानहरुबाट निवदेन लिन सुरु गरेका छन् । भुक्तानी कसरी र कहिले गर्ने त्यस सम्बन्धमा कुनै समयसीमा तोकेको छैन ।

विज्ञप्तिमा भनिएको छ, 'यो किसानहरुको पैसा नदिने षड्यन्त्र हो । सबै किसानहरुलाई गाउँ-गाउँमा सूचना दिएर रेकर्ड संकलन गराई किसानको रकम भुक्तानी गराउने दायित्वबाट पनि सरकार भाग्न खोजेको अनुभूति हामी किसानलाई हुँदैछ । यसो भयो भने फेरि हामी किसान आन्दोलन गर्न बाध्य हुनेछौं ।'

उखु किसानहरुको दाबी गरेको ९० करोडमध्ये २५ करोड रुपैयाँ उद्योग मन्त्रालयले विवादित भनी कार्यदलको प्रतिवेदनमार्फत् छिनोफानो गर्ने भनियो । साथै उखु किसानहरुसँग सम्बन्धित अन्य समस्याको बारेमा सम्झौता भएको १२० दिनपछि गठित कार्य दलको प्रतिवेदन सार्वजनिक गर्ने भनियो, तर त्यो पनि भएन । उद्योग मन्त्रालयले तयार गरेको प्रतिवेदनमा उद्योगीहरुबाट कति रकम र नेपाल सरकारको अनुदानमध्ये कति रकम किसानहरुलाई दिनुपर्ने छ, त्यसको किटानी गरिएको छैन ।

त्यसैकारण हामी किसानहरुले सो प्रतिवेदनमा हस्ताक्षर गरेका छैनन् । मन्त्रालयले हस्ताक्षर गर्न मौखिकरुपमा आह्वान गरेपनि विवादित भनिएको रकमबारे ठोस आधार नदिएकोले हामी हस्ताक्षर गर्न मानेका छैनन् ।

नेपाल सरकार उद्योग मन्त्रालय र उखु किसानहरुबीच भएको सम्झौताबमोजिम ६५ करोड रुपैयाँ उद्योगीहरुबाट तुरुन्तै भुक्तानी गराइने भनियो । तर अहिले पनि सर्लाहीको

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

# जसपाको बाटो

प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरेर नयाँ निर्वाचनको मिति तोकिसकेपछि त्यही सरकारबाट 'ऐतिहासिक उपलब्धि' हासिल गर्न सकिने विश्लेषण गर्दै जनता समाजवादी पार्टीको एउटा खेमा सरकारमा गयो । तर तीन सातामै जसपाका मन्त्रीहरू अपमानित भएर सरकारबाट बाहिरिन बाध्य भए । संविधानमा आवश्यक संशोधन गराई मधेशी, दलित, जनजाति, आदिवासी र उपेक्षित वर्गको हकहित एवं अधिकार सुरक्षित गराउने, कैलालीबाट निर्वाचित सांसद रेशम चौधरीको मुद्दा फिर्ता गराई उनलाई जेलमुक्त गराउने र जन्मसिद्धको आधारमा नागरिकता प्राप्त गरेकाहरूका बालिग सन्तानले वंशजको आधारमा नागरिकता पाउने व्यवस्था सुनिश्चित गर्ने भनेर महन्थ ठाकुर र राजेन्द्र महतो समूहको जसपा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारमा सहभागी भयो । प्रधानमन्त्री ओलीको गर्नुसम्म तारिफ गऱ्यो । मधेशका माग ओलीबाहेक अरूबाट सम्बोधन हुनै नसक्ने निष्कर्षमा पुग्यो ।

जसपाको ठाकुर ओली सरकारमा सहभागी भए तर मधेशको मुद्दा अलिकति पनि सम्बोधन भएन । २०५२ सालमा नेपाली कांग्रेसका नेता शेरबहादुर देउवा नेतृत्वको संयुक्त सरकारमा पहिलो पटक मन्त्री बन्दा गजेन्द्रनारायण सिंहको आलोचना भएको थियो । नेपाल सद्भावना पार्टीका अध्यक्ष भएका नाताले उनी मन्त्री बन्नु हुँदैन्थ्यो भने आमधारणा मधेशको थियो । पार्टी अध्यक्षले प्रधानमन्त्री मात्रै बन्नुपर्छ भने मान्यता कतिपयको थियो ।

**मधेशी नेताहरूको अस्थिर राजनीतिक चरित्र मधेशका समस्या समाधानको बाधक हो। संविधान संशोधन र मधेशका मुद्दा सम्बोधनको नाममा एकपछि अर्को गर्दै उनीहरूले सबै मुद्दा त्यागेका छन्। उनीहरूको अबको लक्ष्य सरकारमा सहभागिता हो।**

मधेशी नेताहरूको अस्थिर राजनीतिक चरित्र मधेशका समस्या समाधानको बाधक हो । संविधान संशोधन र मधेशका मुद्दा सम्बोधनको नाममा एकपछि अर्को गर्दै उनीहरूले सबै मुद्दा त्यागेका छन् । उनीहरूको अबको लक्ष्य सरकारमा सहभागिता हो । प्रतिनिधिसभा विघटन गरेर चुनावको मिति तोकिसकेको अवस्थाना काम चलाउ सरकारमा सहभागी हुनु पदलोलुपताको पराकाष्ठा थियो । प्रधानमन्त्री ओलीप्रति एक पक्षको आशक्तिका कारण जसपा विभाजित भइसकेको छ, प्रदेश २ सरकारमा नेपाली कांग्रेस सहभागी भएको छ ।

निर्वाचन आयोगले साउन ११ गते जनता समाजावदी पार्टी (जसपा) को विवादमा फैसला दिँदै अध्यक्ष उपेन्द्र यादव समूहलाई आधिकारिकता दिएको छ । अहिले जसपा संयुक्त अध्यक्षीय प्रणालीबाट एकलमा पुगेको छ जसको अध्यक्षमा उपेन्द्र यादव छन् । यसलाई उपेन्द्रको रणनीतिक सफलता मान्नुपर्छ ।

आफ्नो राजनीतिक स्वभाव र रणनीतिक योजनाअनुसार उपेन्द्रको अर्को लक्ष्य जसपा कब्जा गर्दै पार्टीको वामपन्थीकरण गर्नु थियो । यसका लागि दलभित्र रहेका प्रजातान्त्रिक शीर्ष नेताहरूको बहिर्गमन अनिवार्य थियो । आफ्नो उद्देश्य प्राप्त गर्न उपेन्द्रले विगतमा अवलम्बन गर्दै आएका नीतिहरू फेरि दोहोऱ्याए ।

संसद विघटनभन्दा पहिले नै प्रचण्ड, देउवा र उपेन्द्र यादवबीच ओलीलाई अविश्वास प्रस्तावमार्फत हटाएर सत्ता कब्जा गर्ने रणनीति तय भइसकेको थियो । यसका लागि तीनै पक्षले वर्षमान पुन, बालकृष्ण खाँण र इस्तियाक राईनलाई प्रतिनिधित्व दिँदै आवश्यक मार्गचित्र तयार पार्न जिम्मेवारी दिइसकेका थिए ।

ओलीले गरेको संसद विघटनलाई निहुँ बनाएका उपेन्द्रको लक्ष्य महन्त ठाकुर र राजेन्द्र महतोलाई जसरी पनि पार्टीबाट बहिर्गमन गराउनु थियो । विगतमा अस्त्रझैँ प्रयोग भएका वामपन्थी नेताहरू अशोक राई र राजेन्द्र श्रेष्ठ जस्तै यसपटक बाबुराम भट्टराईलाई उपयोग गर्ने रणनीति अख्तियार गरे । डम्बर खतिवडा, प्रकाश अधिकारी समेत पहाडे मूलका केन्द्रीय कार्यकारिणी सदस्य सहयोगी भए ।

यसबाट मधेशमा जातीय ध्रुवीकरण अझ बढ्ने निश्चित छ । यसरी महन्त ठाकुर र राजेन्द्र महतोजस्ता स्थापित प्रजातान्त्रिक नेताहरूलाई बहिर्गमन गराई उपेन्द्र यादव, बाबुराम भट्टराई, अशोक राई, राजेन्द्र श्रेष्ठ र महेन्द्र राय यादवहरूले रणनीतिक योजनाअनुसार जसपा अब पूर्णतः वामपन्थीकरण गरिएको छ ।

# जसपा विभाजन : सुखद् कि दुःखद ?

**विचार-विश्लेषण** भाग-१०१



उपेन्द्र झा

**अहिले महन्थ ठाकुर समूहमको अपमानजनक पराजयमा उपहास गर्दै मज्जा लुट्नेहरु सामाजिक सञ्जालमा छ्याप्पछ्याप्ती भेटिन्छन् । तर नाकाबन्दी आन्दोलनलाई निःशर्त समाप्त गर्ने, मधेश आन्दोलनलाई चुनावसँग निःशर्त साट्ने मधेशका ८ जिल्ला लिएर संविधान पुनर्लेखनलाई त्याग्ने, असोज ३ लाई कालो दिवस मनाएर पुनश्चः मन्त्रिमण्डलमा जागिर खान समावेश हुने जस्ता चारित्रिक स्खलन महन्थ ठाकुरमा नभएको सबैले गुण गाउँछन् ।**

साउन ११ गते निर्वाचन आयोगले जसपाको आधिकारिकता विवादलाई निरुष्ण गर्न पार्टीका केन्द्रीय कार्यकारिणी समिति सदस्यको उपस्थिति तथा पक्ष विपक्षको मतको आधार तय गरी जसपामाथि उपेन्द्र यादवको पूर्ण अधिकार कायम गरी महन्थ ठाकुरलाई नयाँ दल दर्ता गर्ने निर्णय गरेको छ । ५१ सदस्यीय कार्यकारिणी संख्यामध्ये उपेन्द्र यादवतिर ३४ तथा महन्थ ठाकुर समूहसँग १६ मात्र परेको कारण पार्टी स्वतः उपेन्द्र यादवको स्वामित्वमा गएको छ ।

एमालेको विभाजनमा सांसद मत कम हुन गएपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले मधेशका कतिपय मुद्दा सम्बोधन गरी दिने आश्वासन पाएर महन्थ समूह ओली नजिक भएका थिए । ओलीसँग सम्बन्ध बनाएका कारण जसपामा मत विभाजन भएको थियो । सुरुमा महन्थ पक्षमा २० सांसद तथा २५ कार्यकारिणी सदस्य रहेको कुरा सार्वजनिक हुँदै आयो । महन्थ समूहलाई सरकारमा लैजाने प्रवल सम्भावनाका कारण सांसदहरु टाँसिएका थिए । पार्टीभित्र संसदीय दलको नेता बन्न उच्च महत्वाकांक्षा पालेर राखेको राजेन्द्र महतोको अनर्गल क्रियाकलापबाट जसपाको मतभिन्नता गहिरिँदै गइरहेको थियो । बहुमतको अवस्थामा रहेको महन्थ ठाकुर समूहले तत्कालै पार्टी अलग गर्नु बुद्धिमानी हुन्थ्यो । तर जसपा नै कब्जा गर्ने काली दासीय चिन्तनले अन्ततः महन्थ समूहलाई रुनु न हाँस्नुम अवस्थामा पुऱ्याएको छ । सत्ता कब्जा गर्ने महत्वाकांक्षाले आज कि आत्मसमर्पण कि सांसदविहीनको नयाँ पार्टी दर्ता गराउने किंकर्तव्यविमुढको अवस्थामा ल्याई पुऱ्याएको छ ।

२१ सांसदलाई रिसोर्टमा लगेर बहुमतको संख्या देखाएर राजेन्द्र महतोले संसदीय दलको नेता बन्नु तथा राजेन्द्र महतोको मन्त्रिमण्डलमा उपप्रधानमन्त्रीको रुपमा समावेश हुने उतावलापन आजको दुर्दशाको प्रमुख कारण उबन्यो । लोभीपापी सांसदको जत्था मध्ये १० जना मात्र मन्त्रिमण्डलमा सामेल भएपछि बाँकी उपेन्द्र यादवतिरको अवसर प्राप्त गर्न जानु पनि स्वाभाविक लाग्छ ।

गत चुनावमा संघीय समाजवादी पार्टीको बराबरीमा प्रतिनिधिसभा सदस्य जताउन सफल तत्कालीन राजपा आज अलग हुन पर्दा सांसदविहीन अवस्थामा पुग्न कति पीडाजनक अवस्था बेहोर्न परेको छ । संसदीय परिपार्टीमा उल्लेखनीय भूमिका खेल्नु भएको महन्थ समूह राजनीतिक वृत्तमा अहिले अपमानजनक दुर्दशा भोगिराख्दा सबै राजनीतिक दलहरु तमाशा हेरिरहेका छन् ।

एमाले छाडेर माधव नेपाल समूहका २६ जना सांसदले विपक्षको नेपाली कांग्रेसको उम्मेद्वार शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा मतदान गर्दा सांसद पद कायम रहने तर आज महन्थ ठाकुर समूह जसपाबाट अलग पारिँदा सांसदविहीन हुने यो कस्तो शासकीय खेल हो । जुन अदालतबाट माधव नेपालको समूहले वैधानिकता पाएको थियो त्यहीं अदालतमा महन्थ समूहले न्याय माग्न जाने निर्णय गरेको छ । सर्वोच्चबाट माधव नेपाल समूहले प्रतिष्ठा जोगाए जस्तै महन्थ ठाकुरले न्याय पाउन सजिलो छैन ।

अहिले महन्थ ठाकुरलाई प्रतिगमनको मतियारको रुपमा परिभाषित गर्ने उपेन्द्र यादवको पार्टीले विगतमा गरेका गल्तीको यति लामो फेहरिस्त छ कि उपेन्द्र यादवले सफाई पाउन मुश्किल छ । व्यक्तिगत रुपमा विश्लेषण गर्दा महन्थ ठाकुर मधेशको मुद्दाप्रति अडान राख्नेमा उपेन्द्र यादवभन्दा अब्बल हुनुहुन्छ । केही लोभी सहकर्मीको अनर्गल दबाबमा परी अहिलेको दुर्दशा भोग्न बाध्य महन्थ ठाकुरलाई नै बहुसंख्यक मानिस विश्वास गर्छन् ।

सत्ता समीकरकणमा पछाडि परेपनि आजीवन मधेश मुद्दा उठाई रहने महन्थ ठाकुरको निःस्वार्थ भावलाई प्रशंसा गर्नै पर्दछ । मधेशको कट्टर विरोधीको रुपमा प्रख्यात केपी शर्मा ओलीलाई मधेश मुद्दा सम्बोधन गर्न लगाउनु धेरै ठूलो कुरा हो । यो उपेन्द्र यादवबाट सम्भव थिएन । कुनै बेला संविधान संशोधन विषयमा राजपाका नेताहरु सम्मिलित महन्थ ठाकुरले ज्ञापनपत्र दिँदा, मधेश मुद्दाको औचित्य सकियो, अब विकासको काम ल्याउनुस् भनेर फालेको पात्रलाई सोही मुद्दाहरु सम्बोधन गर्न तयार पार्नु धेरै महत्वपूर्ण कुरा हो ।

बहाना जेसुकै होस्, जातिवादी राजनीतिको चरम प्रताड्नाका कारण पूर्वराजपा समूह विभाजनमा परेका छन् । पूर्व राजपाका महेन्द्र राय यादव र राजकिशोर यादव लगायत धेरै जसो यादव मिश्रमणमा घुलित भएका छन् । यादव बोहककाहरु पनि सांसद पद जोगाउन जसपामा झुण्डिएका छन् । प्रतिनिधिसभा पुनर्स्थापना हुँदा विचारभन्दा पद जोगाउने चिन्ता सबैलाई छ ।

एजेण्डाविहीन शासकहरुको सत्ताको खेलमा मधेशका दलहरु पनि लामो अभ्यास गरेका छन् । नैतिक अनैतिक अनेकन खेलमा सहभागी भएर नैतिकता, इमान्दारी, मधेशको एजेण्डा आदि छोडेर व्यक्ति स्वार्थ पूरा गर्ने होडमा चारित्रिक स्खलन कति हदसम्म भयो यसको कुनै लेखाजोखा छैन । विगतमा अक्षम्य गल्ती गरेर अहिले मधेशको मसीहाको उपाधि पाउनेहरुको कति आलोचना भइरहेको छ, त्यसको गणना नै छैन । आफ्नै सहकर्मीहरुद्वारा घिसार्ने प्रक्रियामा कहीं कुनै ठाउँमा महन्थ ठाकुरलाई पनि फोहोर लागेको होला तर देशको महत्वपूर्ण घटना तथा मधेशको मुद्दाप्रति महन्थ ठाकुरको अडान र मधेशप्रतिको बफादारीमा कतै कुनै कलंक लागेको छैन । निःस्वार्थ नेताको रुपमा अहिले पनि चर्चित महन्थ ठाकुर जस्तो चरित्र बनाउनु मधेशको कुनै नेतासँग त्यो क्षमता छैन ।

अहिले महन्थ ठाकुर समूहमको अपमानजनक पराजयमा उपहास गर्दै मज्जा लुट्नेहरु सामाजिक सञ्जालमा छ्याप्पछ्याप्ती भेटिन्छन् । तर नाकाबन्दी आन्दोलनलाई निःशर्त समाप्त गर्ने, मधेश आन्दोलनलाई चुनावसँग निःशर्त साट्ने मधेशका ८ जिल्ला लिएर संविधान पुनर्लेखनलाई त्याग्ने, असोज ३ लाई कालो दिवस मनाएर पुनश्चः मन्त्रिमण्डलमा जागिर खान समावेश हुने जस्ता चारित्रिक स्खलन महन्थ ठाकुरमा नभएको सबैले गुण गाउँछन् ।

अदालततिर जाने महन्थ ठाकुर समूहले राहत पाउन झिनो आशा छ । जे होस् राजनीतिमा चारित्रिक सवलता ठूलो कुरा हो । सांसद पद नरहे पनि मधेश मुद्दाप्रतिको उच्च मनोवल नै सफलताको घोतक बन्छ ।

janukjha24@gmail.com

# मुस्लिम धर्मावलम्बीले घरमै मनाए बकर ईद

काठमाडौँ । मुस्लिम धर्मावलम्बीको दोस्रो महान् पर्व बकर ईद ९इदुल जोहा० आज देशभरका मस्जिदमा सीमित मानिसकाबीच भौतिक दूरी कायम गरी स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्दै हर्षोल्लासपूर्वक मनाइएको छ ।

नयाँ भेरियन्टसहितको कोरोना जोखिम कायमै रहेकाले धेरै मुस्लिम धर्मावलम्बीले भने घरघरमै प्रार्थना एवं नमाज पाठ गरी यो पर्व मनाएका छन् । इदुल फित्र अर्थात् रमजान पर्वको ७० औँ दिनमा बकर ईद मनाउने धार्मिक विधि छ । मुस्लिम धर्मावलम्बीले स्नान गरी नजिकैको मस्जिद वा इदगाहमा गई सामूहिक नमाज पढ्ने गरेकामा यस वर्ष कोरोना भाइरसको सङ्क्रमण फैलनसक्ने डरले घरमै पढेका छन् । नमाज पढिसकेपछि एकापसमा शुभकामना आदानप्रदान गर्ने गरिएको छ ।

यस अवसरमा विगत वर्षमा दरबारमार्गस्थित नेपाली जामे मस्जिद, काश्मिरी मस्जिदलगायत देशभरका मस्जिद र इदगाहमा मुस्लिम धर्मावलम्बीको भीड लाग्थ्यो । यस वर्ष कोरोना भाइरसको सङ्क्रमण फैलनसक्ने भएकाले राष्ट्रिय मुस्लिम आयोगले पनि घरमै बसेर सुरक्षितरुपमा बकर ईद मनाउन आह्वान गरेको थियो ।

हिजरी संवत् अनुसार १४३९ वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माएल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको मुस्लिम आयोगका पूर्वअध्यक्ष निर्दोष अलीले जानकारी दिए ।

यस पर्वका अवसरमा मक्का मदिना जानु शुभ मानिने भए पनि यस वर्ष कोरोनाका कारण अन्तरराष्ट्रिय उडानसमेत बन्द रहेका कारण त्यो अवसर नजुटेको मुस्लिम धर्मावलम्बीले बताए । कोरोनाका कारण गत वर्ष पनि मक्का मदिनाको तीर्थ यात्रा रोकिएको थियो । गृह मन्त्रालयले आतेजाते विमान टिकटको व्यवस्था गरी हज यात्रा गराउने गरेको थियो । मक्का मदिना जान नपाएका हजयात्रीलेसमेत घर घरमै बकर ईद मनाएका छन् ।

मस्जिद, इदगाहलगायत धार्मिकस्थलमा पनि भौतिक दूरी कायम गरेर बकर ईद मनाइएको छ । यस पर्वमा अल्लालाई खुशी पार्न मुसलमानले धर्मले जायज मानेका जनावरलाई कुर्बानी (बली) दिएका छन् ।

# महोत्तरीमा कागज उद्योग स्थापना हुँदै

महोत्तरी । महोत्तरीको गौशाला नगरपालिका-१ रामनगरमा रु एक अर्ब ५० करोडको लागतमा नयाँ कागज उद्योग स्थापनाका लागि आज शिलान्याश भएको छ । आइएमइ समूहका अध्यक्ष तथा उद्यमी चन्द्रप्रसाद ढकालसहितका उद्योगपतिले नेपाल पल्स ऐण्ड पेपर इण्डष्ट्रिज प्रालीको शिलान्याश गरे । अध्यक्ष ढकाल, जनकपुरधामको सर्राफ समूह, उद्योगपति सुनिल गोपाल श्रेष्ठ, होमनाथ ज्ञवालीलगायतको सो उद्योगमा लगानी रहेको छ । उनीहरूले संयुक्तरुपमा उद्योप स्थापनाको शिलान्याश गरे ।

आइएमइ समूहद्वारा प्रवर्द्धित यस उद्योगको आफ्नै ११ बिघा जमिनमा निर्माण हुने भवनमा कारखाना सञ्चालन हुनेछ । उद्योगलाई आवश्यकपर्ने सबै उपकरण र यन्त्र जडानको काम एक वर्षभित्र सम्पन्न गरेर उत्पादनको काम शुरु गरिने जनाइएको छ ।

उद्योग सञ्चालनमा आएपछि दैनिक ७५ टन कागज उत्पादन गर्ने क्षमता रहने जानकारी पनि सो अवसरमा दिइयो । उद्योग सञ्चालनमा आएलगत्तै कम्तीमा एक सय जनाले तत्काल रोजगार पाउने बताइएको छ । सो समारोहमा उद्यमी ढकालले एक वर्षमा कारखाना भवन निर्माण भएसँगै उत्पादन थालिने जानकारी दिए । नेपालमा कागज उत्पादनको क्षेत्रमा काम गरिरहेका वरिष्ठ र अनुभवी व्यवसायीहरूको संलग्नतामा सञ्चालन हुने यस कारखानाबाट नेपालमा हुने कागजको आयातलाई प्रतिस्थापन गरिने बताए ।

# राजनीतिक व्यवस्था त परिवर्तन भयो तर त्यो प्रकारको चरित्र भएन

यो व्यवस्था त सफल भइरहेको मैले देखिरहेको छैन । म राजनीति शास्त्रको विद्यार्थी र अध्ययनकर्ताको हिसावले प्रजातन्त्रलाई पर्फरमेन्सको आधारमा हेर्छु । कुनै पनि व्यवस्था वा व्यवस्थामा बसेको निकायले नागरिकको हित गर्छु भनेको थियो, त्यो गरे कि गरेन ? गऱ्यो भने कुन स्तरमा गऱ्यो ?



## दीपक गजुरेल

### त्रिभुवन विश्वविद्यालयका राजनीतिक शास्त्री

**० अहिलेको राजनीतिक तरलतालाई कसरी हेर्नुभएको छ ?**

– यो सामान्य/असामान्यभन्दा पनि स्वाभाविक हो । नेपालमा जुन तरिकाले राजनीतिक प्रणाली परिवर्तन गरियो, जुन प्रक्रिया अपनाइयो, जुन शैलीले काम गरिँदैछ, जसरी संविधान बनाइयो त्यसको स्वाभाविक परिणाम हो यो अस्तव्यस्तता । हामीले संविधान बनाउने बेलामा नै केही कुराहरु जबरजस्ती निर्णय गरेका छौं । संविधानमा यति धेरै एकअर्कासँग बाँझिने व्यवस्था गरिएको छ, जसले संविधान स्मुथली कार्यान्वयन हुने स्थिति हुँदैन ।

**० तर यो संविधानलाई त विश्वकै उत्कृष्ट संविधान भनिएको छ नि ?**

– उहाँहरुले भन्नुभो । संविधान बनाउने बेलामा ९५-९६ प्रतिशत जनताका प्रतिनिधिले अनुमोदन गरेको भनियो, उत्कृष्ट संविधान भनियो । तर संविधानमा यस्ता व्यवस्थाहरु राखियो जुन एकअर्कासँग बाझिने गरेको छ । कतिपय व्यवस्थाहरु प्रष्ट छैन । त्यसैको परिणामस्वरुप देशमा संविधान कार्यान्वयन गर्ने क्रममा सेपरेशन अफ पावरलाई असर गऱ्यो । एउटा प्रजातान्त्रिक प्रणालीमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले आआफ्नो किसिमले काम गर्नुपर्नेमा एकअर्कामा कुराहरु बाझियो ।

**० यो राजनीतिक उथलपुथल संविधानकै कारणले भएको हो त ?**

– संविधानमा लेखिएको छ एक थोक तर गरिँदैछ अर्को थोक । प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गर्नुहुन्छ तर सर्वोच्चले गलत हो भन्छ । यसमा दोष सर्वोच्च अदालतको होइन । सर्वोच्चले संविधानको शब्द र आशयको आधारमा निर्णय गर्ने हो । त्यो अवस्थाहरु किन आयो भन्दा त हामीले संविधानमा केही अमूर्त कुराहरु लेख्यौं, जसको व्याख्या जसरी पनि गर्न पाइयो । त्यसले गर्दा संविधानको कारण एक प्रकारको राजनीतिक संकट आयो । अर्को कुरा यहाँ राजनीतिक इमान्दारी देखाइएको छैन । राजनीतिक व्यवस्था त परिवर्तन भयो तर त्यो प्रकारको चरित्र भएन । जसले गर्दा करिब दुई तिहाइ बहुमत संसदमा भएको दलले पूर्णकाल देश चलाउन सकेन ।

**० यसमा व्यवस्था दोषी हो कि नेतृत्वकर्ता ?**

– कुनै पनि व्यवस्था खराब हुँदैन । त्यसको सञ्चालन सही ढंगले गर्नुपर्दछ । व्यवस्था भनेको लक्ष्यमा पुग्ने एउटा औजार मात्रै हो । लक्ष्य भनेको बहुसंख्यक जनताको बृहत्तर हित गर्नु हो । त्यो भनेको सुख, समृद्धि र विकास मात्रै होइन प्रतिष्ठा पनि हो । भनेपछि व्यवस्था आफैमा गलत हुँदैन, त्यसको कार्यान्वयन कसले गर्छ, कुन नियतले गर्छ त्यसमा भर पर्छ । त्यसैले व्यवस्थाको कार्यान्वयन गर्ने पात्रहरुको यदि नियत गलत भयो भने व्यवस्था पनि असफल हुन्छ ।

**० अहिलेको व्यवस्था सफल कि असफल ?**

– यो व्यवस्था त सफल भइरहेको मैले देखिरहेको छैन । म राजनीति शास्त्रको विद्यार्थी र अध्ययनकर्ताको हिसावले प्रजातन्त्रलाई पर्फरमेन्सको आधारमा हेर्छु । कुनै पनि व्यवस्था वा व्यवस्थामा बसेको निकायले नागरिकको हित गर्छु भनेको थियो, त्यो गरे कि गरेन ? गऱ्यो भने कुन स्तरमा गऱ्यो ? यसको आधारमा मूल्यांकन गर्दा नेपालको अहिलेको व्यवस्था गलत नभए तापनि त्यसको कार्यान्वयन सही तरिकाले भइरहेको छैन ।

**० यो व्यवस्था भविष्य कतिको देख्नुहुन्छ त ?**

– यो व्यवस्था भविष्य देख्दिनँ । नेपालको राजनीतिक प्रणालीमा सुरुदेखि एउटा प्रवृत्ति देखिएको छ कि सत्तामा जो छ उसको विरुद्धमा पहिला अविश्वास सिर्जना गर्ने । त्यो अविश्वास बढ्दै गएर एउटा बिन्दूमा पुगेपछि घृणामा परिणत हुन्छ । घृणामा परिणत भएपछि कसैले त्यसलाई साथ दिँदैन । त्यो नदिएपछि एक्लो पर्छ र व्यवस्था जान्छ । २००७ सालदेखि त्यहीं हुँदै आएको छ । अहिले राज्य व्यवस्थाप्रति चिया पसलदेखि विभिन्न प्लेटफर्महरुमा अविश्वास देखिरहेका छन् । यो बढ्दै गएर एउटा बिन्दूमा समाप्त हुन्छ । विश्व शक्ति समीकरणमा नेपालको भूभाग अत्यन्त महत्वपूर्ण सम्वेदनशील बनेको छ । नेपालमा विदेशी शक्तिले खेलिरहेका छन् भन्ने सुनिन्छ । यसबाट देखिन्छ कि नेपाल त नेपालीले चलाइरहेकै छैन । बाह्य शक्तिहरुको भिडन्त नेपालमा भइरहेको छ, यो अदृष्य हुन्छ ।

**० भनेपछि नेपाल जहिले पनि यस्तै अस्थिरतामा फँसिरहन्छ ?**

– इतिहास हेऱ्यो भने नेपालमा स्थिरता आउनुपर्छ म भन्छु । डेढ सय दुई सय पहिलाको इतिहास हेर्नुभयो भने नेपाललाई विश्वको एउटा प्रतिष्ठित देश बनाएका थियौं । नेपालको पासपोर्ट बोकेर विश्वको जुनसुकै इयरपोर्टमा ओर्लिंदा सम्मान गर्दथ्यो । तर आज नेपालको पासपोर्ट विश्वको कमजोर घृणा गर्ने स्तरमा आएको छ । नेपाली आयो कि चोर नै आयो भन्छ । हाम्रो प्रतिष्ठा तल झऱ्यो । त्यो हाम्रो प्रतिष्ठा किन थियो भन्दा खेरि हामीले कुटनीतिक चातुर्यता अपनाएका थियौं । त्यति मात्रै होइन, १९८० को दशकमा हामी संयुक्त राष्ट्रसंघमा टेबुल ठट्याउने हैसियत थियो । त्यहाँ नेपालीले प्रभावकारी भूमिका निभाएको थियो । नेपालले बोलेको सुन्थ्यो उनीहरुले, किनकि त्यतिबेला हामीसँग हैसियत थियो । हामीले गरेको सन्तुलित व्यवहारको कारणले हामी विश्वमा प्रतिष्ठित थियौं । त्यो प्रतिष्ठा फेरि कमाउन सक्छौं । हामीसँग क्षमता उबेला मात्रै थिएन, अहिले पनि छ । भएको क्षमता सत्तामा बस्नेले प्रयोग गर्न सक्नुपर्छ । हामी त्यो अवस्थामा पुग्छौं । किनभने विश्व शक्ति समीकरणले हामीलाई असर गरेको छ । यो अवस्था चल्दै गर्दा हामी एउटा बिन्दूमा पुगेर स्थिरतामा पुग्छौं । त्यो बिन्दूको बीचमा जाने समय कति हो भन्न सकिँदैन । अबको केही वर्ष अस्थिरता होला, सम्भवतः हिंसा होला, अलिकति हामीले थप दुःख पाउँला तर एउटा बिन्दूमा गएर हामी स्थिर हुन्छौं ।

**० तपाईं मातृभूमिका लागि नेपालीको विदेश विभाग प्रमुख पनि हुनुहुन्छ र तपाईंहरुको मूल एजेण्डा नेपाललाई पुनः हिन्दू राष्ट्र बनाउने । यस विषयमा तपाईंहरु के गर्दै हुनुहुन्छ ?**

– मातृभूमिका लागि नेपाल कुनै एनजीओ होइन, अर्को कुरा हामी राजनीतिक दल पनि होइन । सडकमा गएर जिन्दावाद, मुर्दावाद, कालोझण्डा देखाउने लगायतका काम पनि हामी गर्दैनौं । हामी आमनागरिकलाई राष्ट्रको हित यस कुरामा हुन्छ भनेर सन्देश दिन खोजिरहेका छौं । हाम्रा सन्देशहरु नेपाल धर्मनिरपेक्षता होइन, धर्म सापेक्ष हुनुपर्छ । आमनागरिकले बुझ्ने भाषामा हिन्दू राष्ट्र भनिन्छ तर सनातन धर्म पालना गर्नुपऱ्यो नेपालमा । नेपाल राष्ट्रको धर्म भनेको सनातन धर्म हुनुपऱ्यो । सनातन भनेको आदिकालदेखि चलिआएको नेपालमा बस्ने नेपाली नागरिकले मान्दै आएको धर्म सापेक्ष हुनुपऱ्यो । सनातन हिन्दू राष्ट्रलाई नेपालले स्वीकार गरेर जाँदा सबै धर्मको रक्षा भएको थियो । धर्मको आधारमा भेदभाव थिएन, अब हामी फेरि त्यहीं जानुपर्छ । धर्म निरपेक्षले गैरनेपाली धर्मले नेपाली धर्मलाई थिचोमिचो गरेको छ । क्रिष्चियन धर्म हाम्रो होइन । दिनप्रतिदिन त्यो बढाइँदैछ यहाँ । आमनागरिकले बुझ्नुपऱ्यो, हामी नारा जुलुस गर्दैनौं । हामीले विभिन्न माध्यमहरुबाट नागरिकलाई बुझाउने प्रयास गरिरहेका छौं । आजको भोली राजनीति गरेर पैसा कमाउने उद्देश्यले हामी हिंडेको होइन ।

**० तपाईंहरु भित्रीरुपमा राजसंस्थाको पुनर्बहाली हुनुपर्ने भन्ने अभियानमा हुनुहुन्छ कि ?**

– बाहिरबाट हेर्दा तपाइँले त्यस्तो भन्न सक्नुहुन्छ । हामी राजा चाहिन्छ भनेर पनि भनिरहेका छैनौं र राजा नहुँदा गणतन्त्र हुँदा पनि हुन्छ भनिरहेका छैनौं । हामी त्यसमा निरपेक्ष छौं । हाम्रो उद्देश्य राष्ट्र हो र आमनागरिक हो । मातृभूमिका लागि नेपालको उद्देश्य भनेको आमनागरिकको दीर्घकालीन हित र नेपाल राष्ट्रको प्रतिष्ठा हो । त्यसका लागि भोली हामीले भनेको जस्तो कुरा आमनागरिकले बुझदिनुभयो भने त्यतिखेर आमनागरिकले के गर्छ, त्यो उनीहरुको निर्णय हो ।

# जसपा उपेन्द्र यादवको भयो भन्ने बुझाइ नै गलत हो



## डा.सुरेन्द्र झा

### नेता, जनता समाजवादी पार्टी नेपाल

**० निर्वाचन आयोगले उपेन्द्र यादव पक्षलाई आधिकारिकता दियो भन्नुको अर्थ के हो ?**

– निर्वाचन आयोगले उपेन्द्र यादव पक्षलाई आधिकारिकता दिएको होइन । उहाँले राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ४३ र ४४ लाई टेकेर आधिकारिकतासम्बन्धी दाबी गर्नुभएको थियो । त्यसमा महन्थ ठाकुर पक्षले लिखित प्रतिउत्तर पेश गरेको थियो । त्यो बीचमा महन्थ ठाकुरजी प्रथम अध्यक्षको हैसियतले कार्यकारिणी समितिमा हेरफेर गरेको दस्तावेज पनि पेश गर्नुभएको थियो । दुवै पक्षले गरेको कारबाहीलाई आयोगले बदर गऱ्यो र जसपा गठन हुँदा बखतको कार्यकारिणी समितिलाई आधिकारिकता दिएको हो । त्यसैले उपेन्द्रजीलाई जसपाको आधिकारिकता दियो भन्ने कुरा अपव्याख्या हो । हेडकाउण्टले कार्यकारिणी समितिमा उपेन्द्रजीको पक्षमा बहुमत हो भन्ने कुरा स्थापित गरेको हो । त्यसैले पार्टी हाम्रो पनि हो, हामी पनि त्यो पार्टीको सदस्य हौं । महन्थ पक्षमा हस्ताक्षर गर्ने १६ जना नेता पनि जसपाकै हुन् । उपेन्द्रजीको पक्षले बहुमत प्राप्त गरेको मात्रै आयोगको फैसला हो ।

**० तर, उपेन्द्र यादव पक्षले त तपाईंहरु गलती गर्नुभएको छ, आत्मसमीक्षा गरेर आए मात्रै जसपामा बस्न सक्नुहुनेछ भन्ने भनिरहेको छ नि ?**

– उपेन्द्रजीको यो अपरिपक्क राजनीतिक कदम हो । उपेन्द्रजी जुन ढंगले एकपक्षीय बैठक राखेर अगाडि बढिरहनुभएको छ, निश्चितरुपमा अहिलेको कार्यसमितिमा उहाँको पक्षमा बहुमत छ । उहाँहरुले कार्यकारिणी समितिको बैठक बस्दा महन्थ पक्षलाई जानकारी नदिनु र एक पक्षीय ढंगले जसरी निर्णयहरु ठोक्दै जानुभएको छ, त्यो उहाँहरुले कानूनीरुपले अवैधानिक क्रियाकलाप गरिरहनुभएको छ । हाम्रो विधानमा अहिलेसम्म केन्द्रीय कार्यकारिणी समिति मात्रै छ । कार्यकारिणी समितिलाई विधान हेरफेर गर्ने जिम्मा दिएको छ । उहाँहरुले सबैलाई साथ लिएर निर्णयहरु गर्नुपर्दथ्यो । तर हामी विजेता भयौं भन्ने उन्मादमा हिंडिरहनुभएको छ ।

**० उपेन्द्र यादवको कार्यकारिणी समितिले त लुम्बिनी प्रदेशका तीन जना सांसदलाई कारबाही गरेको पत्र पनि प्रदेशसभा सचिवालयलाई जानकारी गराएको छ । यो अवैध हो त ?**

– उहाँहरुले गरेको निर्णय सार्वजनिक गर्नुभयो भने त्यसलाई चुनौती दिन यथेष्ट कानूनी आधारहरु छन् । लुम्बिनी प्रदेशका सांसदहरुलाई उपेन्द्रजीहरुले विगतमा पनि कारबाही गरेकै हो नि । तर त्यो कारबाही प्रक्रियालाई सर्वोच्च अदालतले बदर गरिसकेको छ । अर्को कुरा प्रत्यक्ष निर्वाचित दुई जना सांसदहरु हुनुहुन्छ, पार्टीले कारबाही गर्ने बित्तिकै उहाँहरुको पद जाने स्थिति छैन । त्यो मुद्दा सर्वोच्चमा विचाराधीन छ । त्यसैले त्यो निर्णय कार्यान्वयन हुँदैन, त्यसलाई फेरि सर्वोच्चमा चुनौति दिइन्छ । अर्को कुरा पार्टीको विवादमा दुईटै पक्षलाई शुक्रबार सर्वोच्च अदालतले बोलाएको छ । कोही बहुमतमा आउँदैमा अल्पमतका साथीहरुलाई पार्टीबाट निकालिदिने हो भने त्यो पार्टी दीर्घकालीन हुन सक्दैन । त्यो पार्टीका नेतृत्वले दीर्घकालीनरुपमा नेतृत्व प्रदान गर्न सक्दैन । जसपा उपेन्द्र यादवको भयो भन्ने बुझाइ नै गलत हो । जसपा सबैको हो, केन्द्रीय कार्यकारिणी समितिमा उपेन्द्र यादवको बहुमत छ भनेर निर्वाचन आयोग पनि भनेको छ ।

**० उपेन्द्र यादव पक्षले जुन निर्णयहरु गर्दैछ, त्यसको विरोध पनि तपाईंहरुले गर्न सक्नुभएको छैन नि ?**

– यो विषय अदालतमा विचाराधीन छ, भोली बहस हुन्छ । अदालतले केही फैसला गर्ला, फेरि त्यसको पनि प्रक्रिया हुन्छ । आजभन्दा डेढ महिना अगाडि महन्थ ठाकुरसँग २१ जना सांसद थियो र २३ जना कार्यकारिणी समितिका सदस्यहरु थिए । अनि के त्यतिबेला हामीले दल फुटाउन सक्दैनथ्यौं ? तर हामीले त्यो गरेको होइन नि, फुटाउनका लागि जसपा बनाएका होइनौं नि । २०७७ बैशाख १० गते रातिको अवस्था हेर्नुस् न । उपेन्द्र यादव खाली कागज लिएर हिंड्दै गरेको अवस्था सम्झिनुस् न । आज उपेन्द्र यादवसँग बहुमत भयो भन्ने बित्तिकै पार्टीबाट मान्छे निकाल्दै हिंड्ने ? उहाँहरुले आत्मालोचनाको सवाल उठाउनुभएको छ, केको लागि महन्थ पक्षले आत्मालोचना गर्ने ? संविधान संशोधनसम्बन्धी कार्यदल बनायो, १४९ जना नेता कार्यकर्ताको मुद्दा फिर्ता लियो, करोडौंको बिगो राज्यबाट भर्न लगायौं, नागरिकता सम्बन्धी अध्यादेश जारी गर्न लगायो यी कामहरु हुँदा अन्याय भयो भनेर माफी माग्ने हामीले ? उपेन्द्र यादवले यो कुरा भन्न सुहाउँछ ? केपीको सरकारमा हामी १८ दिन थियौं अनि उपेन्द्र यादव १८ महिना थिए । फरक मत सुन्नै नखोज्ने उहाँको अलोकतान्त्रिक चरित्र हो, उहाँको स्कूलिङ्ग कम्युनिष्टको छ । उहाँले जुन काम गर्दै जानुभएको छ त्यो आफ्नै लागि खाल्डो खन्दै जानुभएको छ ।

**० हेडकाउण्टको केही समयअघि महन्थ पक्षका कतिपय नेताहरु अचानक उपेन्द्र पक्षमा गए र विभिन्न आरोपहरु पनि लगाए, किन ?**

– आरोप लगाउनेहरु त हाम्रै पक्षमा हुनुहुन्थ्यो । हिजो उपेन्द्रजीले मन्त्री बनाउनु भएन, आफै मन्त्रू बन्नुभो भनेर पार्टीहरु पनि तिनै हुन् । आज उपेन्द्रजीले मन्त्री बनाइदिन्छन् भनेर त्यहाँ गएका छन् । कतिपयले उपेन्द्रको विपक्षमा मतदान गर्नेहरुको पद जाने भनेर हौवा फिजाएको छ । त्यसकारणले त्यता गएका छन् । कतिपयलाई हिजो राजपामा मन्त्री बनाएन, प्रदेश समितिको सभापति हैसियतले गाडी चढिरहेको छु, कहीं उपेन्द्र यादवले गाडी खोसिदेला भन्ने डरले पनि त्यहाँ गएका छन् । अथवा फाइदाका लागि लोभीपापीहरु त्यहाँ गएका छन् ।

**० उता गएकाहरु फेरि यता आउने सम्भावना छ ?**

– जसरी एकाएक उनीहरु उता गए, फेरि यता आउन सक्छन् । उपेन्द्र यादवले पाएका मन्त्रालयहरु बाँड्ने बित्तिकै फेरि यतातिर आउँछन् । हिजो हामीले मन्त्री बनाएकाहरु पनि उपेन्द्रजीतिर जानुभएका छन् । जनताले त हेरिरहेका छन् नि । हिजोसम्म तपाइँकै मिडियामा उपेन्द्र यादवलाई गाली गर्दै हिंड्ने मान्छे मन्त्री बन्छु भनेर लाइनमा लागेका छन् । उपेन्द्रजीले पाएको मन्त्रालयमा उनीहरुको नाम नपरेपछि फेरि गर्ने त गाली नै हो नि ।

**० जसपा फेरि एक ढिक्का हुने अवस्था छ कि छैन ?**

– राजनीतिमा स्थायी शत्रु र मित्र हुँदैन । पार्टी फुटाउनका लागि निवेदन दिने त उपेन्द्र यादवै हो नि । २०७७ साल बैशाख १० गते राति म बर्बाद भए, खाली पानामा हस्ताक्षर गर्छु, जे-जे मन लाग्छ लेख्नुस्, मलाई जोगाइदिनुस् भनेर महन्थको शरणमा पर्ने मान्छे उपेन्द्रजी नै हुन् ।

**० त्यो कुरा अहिले उपेन्द्र यादवले स्वीकार गरिरहनुभएको छैन नि ?**

– ठिक छ, उहाँले स्वीकार गर्नुभएको छैन । त्यो समय बित्यो, कुरा सक्यो । तर निर्वाचन आयोगमा पार्टी फुटाउन निवेदन दिने त उपेन्द्रै जी हो नि । त्यसैले उपेन्द्रजीलाई यदि लाग्यो कि पार्टी एक हुनुपर्छ भने एक हुन सक्छ । आज उहाँ बहुमतमा हुनुहुन्छ, भोली अर्को नेता बहुमतमा हुनुहोला । यो प्राविधिक विषय हो । अब सहज ढंगले एक ठाउँमा बस्न सक्ने परिस्थिति छैन । तर असम्भवै भन्न मिल्दैन । भविष्यमा गठबन्धनमा बस्न सक्ने वा सँगै बस्न सक्ने सम्भावना छ ।

**० भनेपछि, वैकल्पिक शक्ति अब पनि सम्भव छ ?**

– जसपा निर्माण हुँदै गर्दा मैले आलोचनात्मक समर्थन गरेको व्यक्ति हुँ । वैकल्पिक शक्ति निर्माणका लागि जसपा बनेको थियो । तर नेतृत्वको आचरण, क्रियाकलाप अहिले देखिरहेका छन् ।

# राष्ट्रिय एकता, राष्ट्रियता र समानुपातिक समावेशिताका पक्षधर प्रदेश प्रमुख डा.अहिराजको अभियान

प्रदेश २ का प्रदेश प्रमुख डा.राजेश अहिराजले शिरमा देश र मनमा मधेश राखेर कामको सुरूवात गरेका हुन् । जन्मभूमि प्रदेश २ को प्रदेश प्रमुखको रूपमा कार्य थालनी गरेकोले शिरमा देश र मन मधेशमा राखेर



गर्ने उनको प्रतिबद्धता छ । 'देश, जनता र संविधानलाई पहिलो र महत्वपूर्ण आधार बनाएर प्रदेश २ भित्रका प्रत्येक नागरिकलाई साझा, शान्त, समृद्ध र समभावसहितको समाज, जात, जन्म, स्थान वा घनत्वको आधारमा दम्भ वा भय निर्माण भइरहँदा समाज अशान्त र नागरिक असुरक्षित हुनसक्छ, त्यसैले प्रत्येक नागरिकलाई साझा र अपनत्वसहितको प्रदेश निर्माणमा मेरो भूमिका कायम रहनेछ,' पदभार ग्रहण गर्दाखेरि नै भनेका थिए ।

उनले प्रदेश २ भित्र रहेका विविधता, संस्कृतिको रक्षा, पहिचानको सम्मान, सद्भाव, विश्वास, देशप्रेम, भाइचारा र नागरिकमैत्री सरकार निर्माण गर्दै जानुपर्ने आवश्यकतामाथि जोड दिँदै आएका छन् । देशहित र अब्बल प्रदेश निर्माण गर्न सुशासन, साझापन, सवलीकरण र सहकार्यको विकल्प नरहेकोले कतिपय पक्षमा तत्काल सुधारको खाँचो रहेको उनको भनाइ छ ।

पदभार ग्रहण गर्दै उनले देशभक्ति, आतिथ्य सत्कार र समृद्ध सांस्कृतिक इतिहास बोकेको प्रदेश २ मा सामाजिक विभेद अन्त्य गरी राष्ट्रिय एकतामा निरन्तर बल पुऱ्याउने कुरामा विशेष जोड दिँदै आएका छन् । 'नागरिकको जीवन रक्षाभन्दा ठूलो मेरो कुनै जिम्मेवारी छैन', उनले भने,'मेरो लागि नागरिकको ज्यान ठूलो हो । कार्यक्रम हाइन । मैले सडकमा



उपचारका लागि छटपटिएकाहरुलाई बचाउन पाए त्यही नै ठूलो कुरा हो ।' चन्द्रनिगाहपुर-लमाहाको बीचमा पर्ने लच्का नजिकै ना ५६ प ७३६५ र बिआर ३०जे ९३९७ नम्वरको दुई वटा मोटरसाइकल आपसमा ठोक्किएर दुर्घटना हुँदा मकवानपुर झझली गाउँपालिका २ का सुरज पहरी, पर्सा गढी नगरपालिका ३ का जीतबहादुर पहरी, सर्लाही मंलगवा नगरपालिका ८ का विकास यादव र उनका श्रीमती चित्ररेखा यादव घाइतेलाई प्रमुख अहिराजले गाडीमा आफ्नो सुरक्षाकर्मी साथै पठाएर चन्द्रपुर अस्पतालमा उपचार गराएका थिए । घाइतेलाई उपचारका लागि पठाएपछि मात्र उनी घटनास्थलबाट हिँडेका थिए । त्यसैगरी, कर्णाली प्रदेश भ्रमणको क्रममा ट्याक्टर दुर्घटनामा घाइते भएका चालकलाई समेत उद्धार गरी अस्पतालमा पुऱ्याएका थिए ।

**समानुपातिक समावेशितामा विशेष जोड**







जेठ २८ गते प्रदेश प्रमुख अहिराजले मन्त्रिपरिषद समावेशी र समानुपातिक सिद्धान्त अनुसार नभएको भन्दै मुख्यमन्त्री लालबाबु राउतलाई ध्यानाकर्षण गराउँदै असन्तुष्टि व्यक्त गरेका थिए । संविधानले परिकल्पना गरेको समानुपातिक समावेशीको व्यवस्था अनुसार नै मन्त्रिपरिषद गठन गर्नुपर्ने भन्दै केही दिनअघि गरिएको मन्त्रिपरिषद विस्तार त्यसअनुरुप नभएको भन्दै उनले मुख्यमन्त्री राउतलाई पत्र लेखी आफ्नो असन्तुष्टि रहेको जनाए ।

पत्रमा उनले 'प्रदेश मन्त्रिपरिषदको गठन माननीय मुख्यमन्त्रीज्यूको सिफारिस बमोजिम नै हुने भए पनि प्रदेश प्रमुखको हैसियतमा मैले गर्ने भएकाले मन्त्रिपरिषदको स्वरुप संविधान बमोजिम भए नभएको भन्ने सवालमा मेरो चासो र सरोकार स्वाभाविक र जायज भएकोले यो स्मरणपत्र लेखिएको हो' भनेका थिए ।

प्रदेश प्रमुख अहिराजले मन्त्रिपरिषदमा गैरमधेशी, मुस्लिम, दलित र महिलाको समानुपातिक समावेशी प्रतिनिधित्व नभएको उल्लेख गर्दै प्रदेशभित्रको जनघनत्व, सामुदायिक उपस्थितिलाई सरकारभित्र प्रतिनिधित्व गराउनु प्रदेश सरकारको जिम्मेवारी र दायित्व हुने स्मरण गराएका थिए । 'प्रदेशभित्रका महिला, दलित, आदिवासी, गैरमधेशी लगायतका पक्षलाई समानुपातिक समावेशी उपस्थितितर्फ विशेष पहल गर्न स्मरण गराइन्छ,' प्रदेश २ प्रमुखले मुख्यमन्त्रीलाई पठाएको पत्रमा लेखिएको थियो ।

जनता समाजवादी पार्टीको उपेन्द्र यादव पक्षका मुख्यमन्त्री लालबाबु राउतले हालै जसपाकै महन्थ ठाकुर पक्षका मन्त्रीलाई सरकारबाट हटाई नेपाली कांग्रेसबाट ३ जनालाई मन्त्री नियुक्त गरेका थिए । मन्त्रिपरिषदमा आर्थिक मामिला तथा योजना राज्यमन्त्री उषा यादव मात्र महिला थिइन् । मन्त्रिपरिषद्को उक्त विस्तारको सन्दर्भमा प्रदेश प्रमुख अहिराजले पत्र लेखेपछि माओवादी केन्द्रको तर्फबाट दुई मन्त्री पठाउँदा एक जना महिला रुबी कर्ण आन्तरिक मामिला तथा सञ्चार राज्यमन्त्रीमा नियुक्त भइन् ।

अधिवक्ता राजकुमार महासेठ र अमित कुमार पण्डितले नेपालको संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयन एवं सार्वजनिक सरोकारको रुपमा रहेको मौलिक हक समेतको कार्यान्वयनको लागि अन्य कुनै वैकल्पिक एवं प्रभावकारी कानूनी व्यवस्थाको अभावमा नेपालको संविधान २०७२ को धारा १( २), १८, ३८(४), ४२(१), ४०(१), ५६( ३), १६८(९), १४४ र न्याय प्रशासन ऐन २०७३ को दफा ८ बमोजिम रिट निवेदन दर्ता गराएका थिए ।

प्रदेश २ प्रमुख अहिराजले प्रदेशमा समावेशिताको मुद्दा उठाएसँगै प्रदेश सरकारले अनुसरण गर्न थालेको छ । २०७२ असोज ३ गतेबाट लागू भएको संविधान समावेशी र समानुपातिक नभएको मधेशी दलहरुले दावी गर्दै आएको छ । उनीहरुले समावेशी र समानुपातिकको मुद्दा उठाउँदै आएका छन् । मधेश आन्दोलनको बलमा बनेको प्रदेश २ को सरकारले समावेशी र समानुपातिकको मुद्दालाई वेवास्ता गर्दै आइरहेको छ । उसले कुनै पनि तहमा समावेशी र समानुपातिकलाई प्राथमिकथामा राखेन । त्यसै कारण प्रदेश २ मा विस्तार भएको पछिल्लो मन्त्रिपरिषद्को विषयमा प्रदेश २ प्रमुखले स्मरण गराउन बाध्य भएका थिए ।

जब प्रदेश प्रमुख झाले समावेशी र समानुपातिकको विषयमाथि सवाल खडा गरे अनि मात्र प्रदेश सरकारको आँखा खुल्यो । परिणामस्वरुप उसले प्रदेश नीति तथा योजना आयोगमा २ जनालाई नियुक्त गर्दै समावेशी र समानुपातिकको सिद्धान्तलाई अनुसरण गरे । नियुक्ति पाउनेमा सिरहाको मिर्चैया नगरपालिका-२ का डा.वैद्यनाथ महतो र धनुषाको मिथिला नगरपालिका- ६ बस्ने प्रमिलाकुमारी सिंह छन् ।

जसपा भित्रको आन्तरिक कलहका कारण प्रदेश नीति तथा योजना आयोगले पूर्णता नपाइरहेका बेला २ जनालाई भने नियुक्त गरिएको हो । यसअघि २०७६ भदौ २२ गते आयोगको उपाध्यक्ष प्रा.डा.भोगेन्द्र झा नियुक्त भएका थिए । उनको कार्यकालपछि आर्थिक वर्ष २०७४/७५ मा एक उपाध्यक्ष र एक सदस्य नियुक्त भएका थिए । जसको नेतृत्व डा.हरिवंश झाले गरेका थिए । २०७५/७६ मा ३ सदस्य थप भई पदेन समेत गरी ७ सदस्यीय आयोग गठन भएको थियो । तत्कालीन उपाध्यक्ष रहेका डा.झासहित अन्य सदस्यहरुलाई काम गर्न नसकेको भन्दै हटाइएको थियो । त्यसपछि सदस्यहरुको नियुक्ति भएको थिएन ।

यसैगरी समावेशी र समानुपातिकको सिद्धान्तलाई आधार मानेर प्रदेश २ सरकारले आमसञ्चार प्राधिकरण र मिडिया काउन्सिलमा रिक्त सदस्यको पदपूर्ति गरेको छ । प्रदेश सरकारले आमसञ्चार प्राधिकरणमा दुई र मिडिया काउन्सिलमा चार जनालाई सदस्यमा नियुक्त गरेको छ ।

प्रदेश मिडिया काउन्सिलको सदस्यमा कैलाश दास (धनुषा), अर्जुन मण्डल (धनुषा), रिंकु मिश्र (धनुषा) र बन्दना झा (सर्लाही) लाई नियुक्त गरिएको छ भने प्राधिकरणको सदस्यमा अमरेन्द्र यादव (सप्तरी) र प्रतिमा चौधरी (बारा)लाई नियुक्त गरिएको हो । प्रदेश २ सरकारले सञ्चार क्षेत्रमा तीन पदाधिकारीलाई यसअघि नै नियुक्त गरिसकेको छ । त्यसैगरी प्रदेश सरकारले चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डको सदस्यमा गत वैशाख १० गते अशोक दत्त, पुष्पा यादव र बिएम पटेललाई नियुक्त गरेको थियो । सञ्चार प्राधिकरणको अध्यक्षमा श्यामसुन्दर यादव, मिडिया काउन्सिलको अध्यक्षमा शिवहरि भट्टराई र चलचित्र विकास बोर्डको अध्यक्षमा धर्मेन्द्र मोरबैतालाई गत माघ २३ गते नै प्रदेश सरकारले नियुक्त गरेको थियो । श्यामसुन्दर र शिवहरि सप्तरीका हुन भने मोरबैता सिरहाका हुन् ।

त्यति मात्र होइन, प्रदेश २ प्रमुख अहिराजले विभिन्न समयमा सडक दुर्घटनमा परेका घाइतेको उद्धार गरेपछि त्यसबाट प्रभावित भएर मुख्यमन्त्री राउतले पनि घाइतेको उद्धार गरेका थिए । फागुन २३ गते राउतले सर्लाहीको रानिगन्जमा मोटरसाइकल दुर्घटनामा परेर घाइते चालकको उद्धार गरेका थिए । मुख्यमन्त्री राउत अघि प्रदेश २ का प्रदेश प्रमुख अहिराजले आफ्नो यात्राका क्रममा रौतहटको जङ्गल र कर्णाली प्रदेशको भ्रमणमा जाँदा सुर्खेतमा सवारी दुर्घटनामा परेर घाइते भएकाहरुको उद्धार गरेका थिए ।

प्रदेश प्रमुखको पदभार ग्रहणपछि उनले देशभक्ति, आतिथ्य सत्कार र समृद्ध सांस्कृतिक इतिहास बोकेको प्रदेश नं. २ को विविधतालाई अवसरको रूपमा लिने, अनुशासन, इमान्दारिता र माटोप्रति प्रेम कायम राख्दै प्रदेश नं. २ लाई सकारात्मक रूपमा उदाहरणीय बनाउने कार्यमा बल पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका थिए । आन्तरिक विभेद, असुरक्षा, कुनैपनि खाले दम्भ, अहंकार, दमन र अपराधलाई समाधान गर्दै जाने उनको ध्येय देखिएको छ । उनले भनेका छन्, युवामुक्त समाज, बालीमुक्त कृषि, भययुक्त भविष्य, सम्मानमुक्त जीवनले दीर्घकालीन पीडा दिन्छ । समभावमा आधारित समाज, देशप्रेमसहितको सोच, सवल नागरिक र गौरवान्वित भविष्यसहितको प्रदेश निर्माणमा मेरो भूमिका रहनेछ ।'

सामाजिक विभेद अन्त्य गरी राष्ट्रिय एकतामा निरन्तर बल पुऱ्याउन सक्नुपर्छ । प्रदेशभित्र प्रत्येक नागरिकले पूर्ण सुरक्षाको अनुभूति गर्न पाउनुपर्छ । प्रत्येकको भूमि, भावना र भविष्यको सुनिश्चितता प्रदान गर्न हामी सबैले बल पुऱ्याउनुपर्छ । प्रदेश नं. २ मा सुशासन, सद्भाव, समभाव र समृद्धि कायम गर्न/गराउन आफ्नो पूर्ण सहयोग र सहकार्य रहने प्रतिबद्धता जाहेर गरेका छन् ।

**हाम्रो देशको सीमा सुरक्षित रहोस् : प्रदेश प्रमुख डा.अहिराज**

प्रदेश नं. २ का प्रदेश प्रमुख डा.राजेश अहिराजले नेपालको सीमाक्षेत्र सुरक्षित रहनुपर्ने बताएका छन् । सीमाक्षेत्रको अवस्था बुझ्नुका साथै भ्रमण निरीक्षण गर्ने क्रममा उनले यस्तो प्रतिक्रिया दिएका हुन् । सिमानाको अवस्था, सिमा क्षेत्रमा बसोबास गर्दै आएका नागरिकका समस्या, स्तम्भहरुको अवस्था र सीमा सुरक्षाको स्थितिबारे स्थलगत निरीक्षण गरेका हुन् । सर्लाही जिल्लास्थित संग्रामपुर, त्रिभुवन नगर, भाडसर, फेन्हारा र मधुबनी लगायतका



स्थानहरुमा पुगी सीमाक्षेत्रबारे जानकारी लिएका थिए ।

यसैगरी, प्रदेश प्रमुख डा.अहिराजले बाढीपहिरोबाट हुन सक्ने क्षति, सचेतनाको प्रयास, पूर्वतयारी, सीमाक्षेत्रका नागरिकहरुको समस्या बुझ्न स्थलगत निरीक्षणसमेत गरेका थिए । सर्लाहीको अधिकान्श सीमाक्षेत्रको अनुगमन र जनताको पीडा नजिकबाट बुझ्ने प्रयास गरेको उनले बताए ।

साथै, सशस्त्र प्रहरी बल नम्बर १० गण सर्लाहीमा वृक्षरोपण कार्यक्रम पनि गरेका थिए । सशस्त्र प्रहरी नायब महानिरीक्षक सिपि गौतम, नेपाल प्रहरीको नायब महानिरीक्षक उमेश रन्जितकार, पत्रकार महासंघ सर्लाहीका सभापति टन्क क्षेत्री लगायतकाहरुले वृक्षरोपण गरेका थिए ।

**प्रदेश प्रमुख डा.अहिराजको प्रशंसनीय कार्यहरु**

- आफ्नो कार्यकक्षमा कार्यभार सम्हाल्ने बित्तिकै पृथ्वीनारायण शाहको ठूलो फोटो टाँसे ।
- मन्त्रीहरुको शपथ ग्रहण अनिवार्य नेपाली भाषामै गराउन बाध्य बनाए ।
- मन्त्रिमण्डलमा महिलासहितको समावेशी हुनुपर्छ भनेर प्रदेश सरकारलाई दबाब दिए ।
- देशका सीमा स्तम्भ निरीक्षण गर्न सीमा क्षेत्रमै पुगे ।
- विधिसंवत् नभएका दुई विधेयक लिखित सुझावसहित फिर्ता पठाए ।
- प्रदेश सरकारलाई समावेशी बनाउन लिखित पत्राचार गरे ।
- सडकमा भेटिएका घाइतेको उपचारका लागि आफ्नै सवारीसाधन पठाए ।
- जातीय र सामुदायिक अतिवादलाई न्यून गर्दै समभावमा आधारित समाज निर्माणको पहल गरे ।
- शिरमा देश मधेशमा मन राखेर काम गर्न सबैलाई निर्देशन दिएर आफूले पनि गरे ।
- निजी स्वकीय सचिवालय नराखेर राज्यको पैसा जोगाए र निजामती कर्मचारीमै विश्वास राखे ।
- नागरिकको सुखदुख बुझ्न घरआँगनमै पुगे, किसानको पीडा बुझ्न खेतमै पुगे र विद्यार्थीको पीडा बुझ्न विद्यालयमै पुगे ।
- अनाथ र दुखी पीडितलाई आफ्नै तलबबाट राहत वितरण गरे ।
- कार्यालयका करारमा रहेका सहयोगी र चालकलाई आफ्नो तलबबाट २०/२० लाखको जीवनबीमा गराईदिए ।

17-16, Madheshvani, Saun-15, 2078.pmd 4 8/1/2021, 7:49 PM

# सुंगुरको खोरजस्तो जनकपुरको विकास ?



ई.कौशल गोपालवंशी

हिन्दुधेर्मको अति महत्त्वपूर्ण स्थल मध्येको एउटा हो जनकपुर हो। पौराणिक मान्यता अनुसार जीवनमा जनकपुरधामको दर्शन गरिएन भने हिन्दु जीवन अधुरो नै हुन्छन भन्ने भनाई छ। अर्थात जनकपुरको माटो अति पबित्र छ कि यो भुमिमा कुकर्म गरेकोले पाईला टेक्नेसम्म सक्दैन । यहाँका प्रत्येक चोक चोकमा राम सिताको नामको भक्ति भजन सधै हुन्छ। जनकपुर धार्मिक तथा सांस्कृतिरुपले बिश्व कै पवित्र स्थल हो । यहाँको माटो अति सुन्दर छ कि यो माटोबाट बोटबिरुवा जस्तै सती नारी सिता उम्रेको छ। जब कुनै ठाउको माटोमा बनस्पति जसरी मान्छे उम्रीन छ भने त्यो माटो कति कोमल र पबित्र होला भन्ने कल्पना अन्धोले पनि गर्न सक्छ। भनेपछि जनकपुर प्रवेश गर्दा स्वर्गको अनुभुती हुनु पर्ने हो तर वास्तविकतामा यो लागू हुदैन ।

हुन त पौराणिक कालमा प्राकृतिक सुन्दरताले भरिभराउ भएर होला , प्राकृतिक सुगन्धले नै जनकपुरको सिमा भित्र प्रवेश गरेको थाहा पाईन्थ्यो । अति राम्रो विकसित वातावरण जहाँको माटोबाट विश्वलाई ज्ञान दिनसक्ने मान्छे उत्पादन हुन्थ्यो त्यो पवित्र भुमिको अहिलेको अवस्था हेर्दा पहिला पहिला भनिएका सबै वाक्यहरु बनावटि लाग्छ। भनेपछि अहिलेको जनकपुरमा पौराणिक बिकासको कुनै पनि सभ्यता अनुसरण गरेको देखिदैन । जुन जनकपुरवाट मानव सभ्यताको बिकासको शुरूवात भएको हो, त्यो जनकपुरको हालको अवस्था हेर्दा ; यहाँ मानव सभ्यता होईन जंगली सभ्यताको अभ्यास भएको पाईन्छ।

म भर्खरै २ हप्ता अगाडि जनकपुरको भ्रमणमा गएको थिए। जनकपुरको बिकासलाई हेर्दा मैले जनकपुरको बिकास सुंगुरको खोर जसरी अगाडि बढेको पाए। भन्दा खेरि तपाईले म माथी आक्रोश पोख्नसक्ने अवस्थामा आउनसक्नु हुन्छ तर वास्तविकता यहि नै हो। जनकपुरमा जुन किसिमको बिकासको गति छ त्यो किसिमको बिकासको गति सुगुरको खोरको बिकास पनि हुन्न। सुगुरको खोर भने पछि कतिपय आवेगमा आउन सक्छ तर मैले तुलना गर्दा बिकासको किसिम र बिकासको चरण खोर जस्तो देखेको पाए।

जनकपुरमा पुग्दा गाडीको सहचालकले जनकपुरको प्रसिद्ध पिराडी चोकमा झर्न भन्नुभो र म त्यहि झरे। झर्ने वितिकै एक्कासि ठुलो दुर्गन्धित गन्ध आयो मैले हतारमा रुमालले नाक छोपेर सोचे सहरमा विभिन्न किसिमको कार्यहुन्छ ती मध्येको कुनै फोहोर बोक्ने गाडी होला। तर यताउता हेर्दा कतै पनि नगरपालिकाको फोहर बोक्ने गाडी देखिन्न , फेरि सोचे कुनै घरको ढल फुटेको आएको होला तर त्यसको संभावना पनि देखिएन अनि मेरो मन यस्तो पबित्र राजा दशरथले हलो समातेको ल्याण्डमार्क नीर यस्तो गन्ध कहाँबाट आएको होला भन्ने खोज गर्नमन लाग्यो । त्यसपछि पिराडी चोकको गोलो पार्कको पारी तिरजादा पुर्वतिर त्यहाको प्रसिद्ध पाप मोचन सागरको भिरमा थुप्रै फोहोर राखेको देखे अनि त्यो फोहरमा सुगुरहरु खेल्दै गरेको दृश्य देखे । तालको नाम पाप मोचन भएर हो कि त्यो क्षेत्रको सबै फोहोर त्यहको किनारमा राखेर सुगुरले फोहर मोच्दै गरेको देखियो ।

त्यसपछि म सिधा पुरानो ज.चु.का.लि . ( जनकपुर चुरोट कारखाना ) तिर लागे, कारखाना चलेकोबेलामा मेरो मामा त्यहाको कर्मचारी भएकोले कर्मचारीको आवास र कारखाना जाने बाटो र भित्रीको वातावरणको मलाई सबै राम्रो संग सम्झना छ। त्यही भएर त्यताकै बाटो मैले हिडे। पिराडी चोक देखि चुरोट कारखाना ( अर्थात मुख्यमन्त्रीको कार्यालय ) सम्मको बाटो भरखरै नया बनेको छ। बाटोमा जाँदै गर्दा थापा चोक भन्दा अलि पर पुग्दा भाजुरत्न नीर अटो झन्डै पल्टेको जस्तो भयो। नया बनेको सडकमा पनि यस्तो हुन्छ भन्दा अटो चालक भन्छ बाटो बनेपछी ट्रक चल्दा यहाको सडक तल दबियो तर अहिलेसम्म मर्मत गरेको छैन, यहाँ नीर अहिलेसम्म १० भन्दा बढी सवारी दुर्घटना भाईसक्यो । कतिको हातखुट्टा भाचियो तर ष्बिदषष्तिथ उभचष्यम पनि नसकेको सडकमा देखिएको यस्तो उबतअज जयबि लाई संबंधित समुदाय , सरोकारवाला र निर्माण व्यवसायीको लापरबाहीले सर्वसाधारणको हातखुट्टा भाचिदा पनि कसैले बिरोध नगरेको देख्दा मलाई अचम्म लाग्यो। त्यसै गरि अगाडि जादैगर्दा भरखरै निर्माण सप्पन्न भएको सडकको फुटपाथमा लगाइएको ईन्टरलक ब्लक कुनै ठाउमा भासिएका त कुनै ठाउमा ब्लकको ग्यापमा घास उम्रेको देख्दा निकै अचम्म लाग्यो। यसरी ख्क्ष्ए हिड्ने बाटो समेतको व्यवस्थापन गर्न नसकेको संबंधित सरोकारवालाले के हेरेर बसेको होला। त्यति मात्र कहाँ हो र , फुटपाथको पभचद नीर लाखौंको लगानी गरि संचालन गरिएको पसलहरुले फोहर त्यतिकै फालेको देखियो।यत्रो लगानी लगाउनेले एउटा :भमष्क क्ष्शभ स्गकतउष्ल किनेर राख्दा नि ख्क्ष्ए को बाटो फोहर हुदैनथ्यो होला। त्यस्तै सहरलाई सफा राख्नको लागी ठाउमा स्गकत उष्ल पनि नगरपालिकाले राख्न नसकेको देखियो। त्यस्तै भरखरै भनेको बाटोमा पनि बाटो दुबै छेउमा माटो र बालुवा रहेको देख्दा नगरपालिकामा ब्रुमर किन राखेको होला भन्ने प्रश्न मनमा आउन थाल्यो।

त्यति मै मुख्यमन्त्रीको कार्यालय आयो। मैके एक छिन बाहिरबाट भ्याएसम्म चुरोटकारखाना हेरे, चुरोट कारखाना कुनै पनि दृस्टिले मुख्यमन्त्रीको कार्यालय लाग्दैन थियो। भित्र जादा बाटो ग्राभेल कस्तो छ, ईलेक्ट्रकल पोलमा स्ट्रीट ल्याम्प छैन , प्लेयग्राउण्डमा दुवो घाँस छैन , मन्त्रीका आवासहरु पेन्टिङ गरिएको छैन , घर अगाडिको गार्डन व्यवस्थित छैन । आज भन्दा २० बर्ष पहिला आज भन्दा २० गुणा नै राम्रो थियो ।

त्यसपछि म फेरि जनकपुरको प्रमुख प्रवेश द्वारबाट प्रवेश नगरि कसरी जनकपुर भ्रमण हुन्छ त भनि रामानन्द चोक तिर हिडे। पिराडी चोकबाट रामानन्द चोक जादा मैले दुवैतिर फोहोरको ठुलो पर्खालबाट आफू जाँदै गरेको लाग्यो। निर्माणधिन  अवस्थामा बाटो खराव हुनु कुनै ठूलो समस्या होइन तर सडकको पेटीमा फोहर थुपारेर राख्नु कतिसम्मको जायज लाग्छ त। अनि यसलाई सुगुरको खोर नभनी के भन्ने त ! त्यति मात्र कहा हो र , रामानन्द चोक नीर बनाइएको नाला हेर्दा बाटोको दुबै तिर फोहरको कन्टेनर नै देखिन्छ । त्यो नालीमा पानी १०% र फोहोर ९०% छ। कुनै बेला त त्यो नालीमा नगरपालिकाले कम्पोस्ट मल बनाउन लागेको हो कि जस्तो नि लाग्थ्यो । यसरी सहरको प्रमुख चोक जहाँ एकदिनमा १० हजार भन्दा बढी मान्छे ओहोरदोहोर गर्छन त्यहा यसरी फोहरको कन्टेनरमा कम्पोस्ट मल बनाउन लाग्ने जस्तो सडकको नालीको अवस्था हेर्दा जनकपुरको बिकास खोर जस्तै अगाडि बढेको देखिन्छ ।

त्यसैगरी रामानन्द चोक देखि जानकी मन्दिर तिर जदा पनि फुटपाथको पभचद को छेउमा पसलेहरु फोहोर थुपारेको देख्दा जनचेतनाको अभाव र संकोचित सोच प्रष्ट देखिन्छ । त्यस्तै अगाडि जादैगर्दा ग्रीन सहरको अवधारणा अनुसार सडकको पेटिमा रुख रोपेको देखे ।यसरी सडकको पेटिमा रुख रोप्दा त्यसलाई सुरक्षित राख्नको लागि कम्तीमा २ बर्षमा टिक्न सक्ने बाहिर घेरा लगाउनु पर्छ । तर त्यहा रुखलाई सुरक्षीत राख्नको निम्ति बासको घेरा लगाएको देख्दा ठाउठाउमा सुगुरको खोर जस्तो लाग्थ्यो । सहरलाई सौन्दर्यकरण गर्दा हरियो पेन्टिङ भएको तारजालीको घेरा लगाउदा कति राम्रो र टिकाउ हुन्थ्यो होला। त्यहा गाईहरु त्यत्तिकै हिड्ने भएकोले रुखलाई गाईबस्तुबाट बचाउनको लागि तारजाली कै घेरा राम्रो हुन्छ। त्यस्तै रंगभुमि अर्थात बाह्रबिघामा जादा पनि त्यसतै देखे। बाह्रबिघाको चारेकुनामा फोहोरको स्टोर साईट छ। बिश्वको कुनै सहरको बिचमा रहेको मैदानमा यसरी फोहर थुपारेको देख्न मिल्दैन तर जनकपुरमा हेर्न पाईयो। यसरी बाह्रविघालाई पनि सुगुरको खोर जसरी चारेकुनामा फोहोरको थुप्रैले सजाईएको छ।त्यसतै जनकपुर स्थित तलाउ, पोखरी हरुको पनि यहि हाल छ। यी सबै हेर्दा , जनकपुर उपमहानगरपालिका को काम के है भन्ने कुरा मैले बुझ्न सकिन्न।

उपमहानगरपालिका ले यसरी आफ्नो मुल सिद्धान्तको कार्य नगरी के काम गर्दै छ त ? नगरपालिकाको प्रमुख काम भनेको नगरलाई सफा , स्वस्थ्य राख्नु नै हो । यी काममा नगरपालिकाको सम्पुर्ण शक्ति लगाउनु पर्छ । नगरलाई सफा र व्यव्स्थित नगरी नगरपालिका कहाँ व्यस्त छ्न भन्ने बुझ्न मन लगेको छ।

छिमेकी देश भारतमा राममन्दिरको लागी मस्जिद भत्काएर राममन्दिरको निर्माण गरिदैछ तर जानकपुरमा मिठाई पसल बचाउनको लागि जानकी मन्दिरको पर्खाल भत्काएर बाटो बिस्तार गरेको देख्न पाईयो। बिश्वको सबै ठाउँमा सांस्कृतिक सम्पतिलाई संरक्षणमा थुप्रै शक्ति खर्चगरेको देखिन्छ भने जनकपुरमा सबै ठाउमा फोहोर थुपारेर खोर जस्तो बिकास गर्दैछ। जनकपुरको कुनै बिशेश ठाउमात्र नभई सम्पुर्ण जनकपुर क्षेत्र नै सांस्कृतिक सम्पति हो। कुनै पनि बहानामा सांस्कृतिक सम्पतिलाई फोहर गर्न पाइदैन ।


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### ग्यास, सिलिन्डर तथा चुलो वितरण

रौतहट । रौतहटको कटहरिया नगरपालिका-६ फतेपुरमा आज ६ सय घर परिवारलाई ग्यास, सिलिन्डर तथा चुलो वितरण गरिएको छ । पूर्वमन्त्री प्रभु साहको चुनावी प्रतिबद्धता अनुसार ग्यास, सिलिन्डर तथा चुलो वितरण गरिएको हो । साहका स्वकीय सचिव बिजय यादवले प्रतिनिधिसभा निर्वाचनको समयमा गरिएको प्रतिबद्धता अनुसार ग्यास, चुल्लो तथा सिलिन्डर वितरण गरिएको बताए । यसअघि समेत नेता साहले हजारौं परिवारलाई ग्यास, चुल्लो तथा सिलिन्डर वितरण गरेका छन् । कटहरिया नगरपालिकाका मेयर सियाराम कुशवाहाको विशेष पहलमा आयोजित वितरण समारोमा प्रदेश २ का पुर्व सांसद कुन्दन कुशवाहा, मौलापुर नगरपालिकाकी मेयर रीना साह, एमाले प्रदेश २ का सदस्य त्रिभुवन साह, नरेश साह, चन्दन कुशवहा लगायतको सहभागिता रहेको थियो ।

### कटुवा पेस्तोलसहित ३ जना पक्राउ

पर्सा । वीरगंज महानगरपालिका-१५ लक्ष्मणवा चोकस्थित होटलबाट १ थान कटुवा पेस्तोल सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । आइतबार राति पक्राउ पर्नेहरूमा सोही महानगरपालिका-२५ सिर्सिया बस्ने २२ वर्षीय अनिल पटेल, सोही ठाउँ बस्ने २० वर्षीय रकि पटेल र पोखरिया नगरपालिका-२ बस्ने २० वर्षीय विक्रान्ता पटेल रहेका छन् । उक्त होटेलमा अनटेष्ट लेखेको मोटरसाइकल र प्रदेश २-०३-०१३ प २०९७ नम्बरको मोटटरसाइकलमा आएका व्यक्तिहरुले कटुवा पेस्तोल बोकी खाजा खाईरहेको भन्ने विशेष सूचनाको आधारमा २ नम्बर प्रदेश प्रहरी कार्यालय जनकपुरबाट खटिएको प्रहरीले तलासी गर्दा अनिलको साथबाट उक्त पेस्तोल फेला पारी उनीहरूलाई पक्राउ गरेको हो । उनीहरू उपर जिल्ला प्रहरी कार्यालय पर्साबाट आवश्यक अनुसन्धान भइरहेको छ ।

### अनियन्त्रित लागूऔषधसहित एक जना पक्राउ

रुपन्देही । देवदह नगरपालिका-५ खैरेनी बजारबाट १ सय ५० सेट नियन्त्रित लागूऔषध नुफीन, फेनारगन र डाईजेपाम सहित एक जना पक्राउ परेका छन् । नवलपरासी (पश्चिम) रामग्राम नगरपालिका-५ बस्ने ४० वर्षीय राजेस बानीया अग्रहरीलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । लु.३३ प ४४३३ नम्बरको मोटरसाइकललाई प्रहरी चौकी खैरेनी र ईलाका प्रहरी कार्यालय बुटवलबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उनको साथबाट उक्त लागूऔषध सहित फेला पारी उनलाई पक्राउ गरेको हो ।

### २ थान छाला सहित पक्राउ

धनुषा । जनकपुर उपमहानगरपालिका-१२ स्थित एयरपोर्टबाट वन्यजन्तु सुनगोहरोको जस्तो देखिने २ थान छालासहित एक जना पक्राउ परेका छन् । महोत्तरी बर्दीबास नगरपालिका-११ खैरमारा घर भएका ४३ वर्षीय दोर्जे लामालाई आइतबार साँझ प्रहरीले पक्राउ गरेको छ । जनकपुरबाट काठमाडौं जान लागेका उनलाई उक्त एयरपोर्टमा खटिएको प्रहरीले जाँच गर्ने क्रममा झोलाभित्र उक्त छाला फेला पारी उनलाई पक्राउ गरेको हो ।

### छुरा प्रहारबाट १ जनाको मृत्यु

मोरङ । फुटबल खेल्ने निहुँमा छुरा प्रहार गर्दा उर्लाबारी नगरपालिका-८ राजघाट चौधरी टोल बस्ने १७ वर्षीय अभिषेक चौधरीको मृत्यु भएको छ । आइतबार दिउँसो सोही ठाउँ बस्ने १९ वर्षीय निसान राई लगायतले फुटबल खेल्ने निहुमा चौधरी र सोही ठाउँ बस्ने २१ वर्षीय सुसन धामिलाई धारिलो हतियार छुरा प्रहार गरी घाइते बनाएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी राजघाटबाट खटिएको प्रहरीले घाइतेलाई उपचारका लागि अरनिको अस्पताल उर्लाबारीमा हुँदै बी एण्ड सी बिर्तामोड पठाएकोमा चौधरीको उपचारको क्रममा मृत्यु भएको हो । घाइते सुसनको सोही अस्पतालमा उपचार भइरहेको छ । निज निसान राई समेत २ जनालाई नियन्त्रणमा लिई घटनामा संलग्न हाल फरार अन्य व्यक्तिहरुको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### रौतहटमा डुबेर दुई बालबालिकाको मृत्यु

रौतहट । जिल्लाको दुई छुट्टाछुट्टै स्थानमा डुबेर दुई बालबालिकाको मृत्यु भएको छ । गरुडा नगरपालिका-५ शिवनगर बस्ने संदिप साह सोनारको छोरा ४ वर्षीय सुवास साह सोनारको डुबेर शनिबार साँझ मृत्यु भएको हो । आफ्नै घर नजिकै खेल्ने क्रममा पानी जमेको खाल्डोमा डुबेर उनको मृत्यु भएको प्रहरीले जनाएको छ । यसैगरी, देवाही गोनाही नगरपालिका-२ लक्ष्मिनिया बस्ने दुखी साहकी ३ वर्षीया छोरी अनुस्का कुमारीको डुबेर शनिबार साँझ मृत्यु भएको छ । आफ्नै घर नजिक खेल्ने क्रममा पोखरीमा डुबेर उनको मृत्यु भएको हो ।

### जंगलमा च्याउ खोज्न गएका एकजना मृत फेला

रुपन्देही । सैनामैना नगरपालिका-१ वर्माडाँडा बस्ने ५३ वर्षीय चन्द्र बहादुर थापा जंगलमा मृत अवस्थामा फेला परेका छन् । बुटवल उपमहानगरपालिका-१२ स्थित चारपाला सामुदायिक जंगलमा उनी शनिबार मृत अवस्थामा फेला परेका छन् । साउन ४ गते सोही जंगलमा च्याउ खोज्न गएको अवस्थामा बेपत्ता भएका उनको खोजी गर्ने क्रममा उक्त जंगलमा शव फेला परेको हो ।

### फरार रहेका ट्रक चालक पक्राउ

मोरङ । विराटनगर महानगरपालिका-५ बिद्युत अफिसस्थित सडकमा को.४ प २३१६ नम्बरको मोटरसाइकललाई ठक्कर दिई फरार रहेका को.१ क १३३३ नम्बरको ट्रकका चालक सुनसरी धरान उपमहानगरपालिका-२० देवीगाउँ बस्ने २८ वर्षीय रामशरण राईलाई प्रहरीले पक्राउ गरेको छ । उक्त सडकमा मोटरसाईकलमाथि साउन ४ गते मोरङ विराटनगर महानगरपालिका-५ बस्ने ६७ वर्षीय सुदर्शन न्यौपाने मृत फेला परेको घटनाको अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले राईले चलाएको ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा न्यौपानेको मृत्यु भएको खुल्न आएपश्चात राईलाई उक्त ट्रक सहित शुक्रबार पक्राउ गरेको हो । उनी उपर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### कालो पदार्थसहित एक जना पक्राउ

कैलाली । गौरीगंगा नगरपालिका-८ गिदनियाबाट करिब ६ केजी अवैध लागूऔषध चरेश जस्तो देखिने कालो पदार्थ सहित गौरीगंगा नगरपालिका-११ शिवपुर बस्ने ४० वर्षीय गोरख भन्ने गोरे धामीलाई सोमबार राति प्रहरीले पक्राउ गरेको छ । सूदुरपश्चिम प्रदेश प्रहरी कार्यालय अनुसन्धान ब्यूरो धनगढीबाट खटिएको प्रहरीले पैदलयात्री धामीलाई शंका लागि जाँच गर्दा उनले बोकेको झोलाबाट उक्त पदार्थ सहित पक्राउ गरेको हो । थप अनुसन्धानको क्रममा उक्त लागूऔषध गोदावरी नगरपालिका-६ बस्ने ३५ वर्षीय धन बहादुर धामीको भन्ने खुल्न आएपश्चात उनलाई समेत प्रहरीले पक्राउ गरेको छ । साथै धनबहादुरको साथबाट नगद १ लाख २० हजार रूपैयाँ समेत प्रहरीले बरामद गरेको छ ।

### सडेगलेको अवस्थामा शव बरामद

कपिलवस्तु । शिवराज नगरपालिका-५ बस्ने ५० वर्षीय अब्दुल हुसेन मुसलमान सोही नगरपालिका-२ हरद्वीस्थित सुरई खोलाको किनारमा सडिगलेको अवस्थामा बिहीबार मृत फेला परेका छन् । घटनास्थल नजिकको प्रहरी कार्यालयबाट तत्काल खटिएको प्रहरीले यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

### लागूऔषधसहित युवक पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१५ जमुनाह चेकपोईन्टबाट नियन्त्रित लागूऔषध ५९ ट्याब्लेट नाइट्रोभेट र १६ ट्याब्लेट स्तास सहित सुर्खेत घर भएका १८ वर्षीय किशोरलाई बुधबार साँझ प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय जमुनाहबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त लागूऔषध सहित पक्राउ गरेको हो ।

### सशस्त्र प्रहरीद्वारा काठ बरामद

कपिलवस्तु । कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिका १२ मानपुरवाट सशस्त्र प्रहरीले करिब २ लाख ५६ हजार रुपयाँ बराबरको ६४ क्युफिट सिसौको काठ बरामद गरेको छ । भारतबाट अवैध रुपले ल्याउँदै गरेको उक्त काठ सशस्त्र प्रहरी बल नेपाल बिओपी कृष्णपुरबाट खटिएको सशस्त्र प्रहरीले बरामद गरेको हो । बरामद काठ सब-डिभिजन वन कार्यालय ठाकुरापुर कपिलबस्तुमा बुझाईएको छ ।

# तेस्रो भेरिएन्टसँग लड्न स्वास्थ्य सामग्री सहयोग

**रञ्जन भण्डारी**

महोत्तरी । नेपालमा कोरोनाको तेस्रो भेरिएन्ट फैलिईरहदा पूर्वतयारी स्वरुप यस भेरिएन्टसँग लड्न सहयोग पुग्ने उद्देश्यले सेभ द चिल्ड्रेनको आर्थिक सहयोगमा रतौली युवा क्लवले जलेश्वर नगरपालिकालाई लाखौ मोल बरावरको स्वास्थ्य सुरक्षा सामग्री तथा अक्सिजन सिलिण्डर सहयोग गरेको छ ।




रतौली युवा क्लवका अध्यक्ष वैद्यनाथ चौधरीले जलेश्वर नगरपालिकाका मेयर रामशंकर मिश्रलाई विहिवार स्वास्थ्य सामग्री हस्तान्तरण गरेका हुन् ।

चौध लाख ६१ हजार १२१ रुपया मोल वरावरको २५ थान भरिएको अक्सिजन सिलिन्डर,तिस थान अक्सिमिटर,२८ थान आईआर थर्मोमिटर,४० थान पिपिई सेट,२६ थान गाउन सेटका साथै सेनिटाईजर सहितका दर्जनौ सामग्रीहरु उपलब्ध गराउदै रतौली युवा क्लवका अध्यक्ष चौधरीले जलेश्वर नगरपालिकासंग कोरोनाको सुरुवात समय देखि नै सेभ द चिल्ड्रेनको सहयोगमा समन्वय भैरहेको र आगामी दिनमा समेत सहकार्य भैराख्ने बताए । उनले कोरोनासंग विश्व नै आकान्त भएको वेला स्थानिय तहहरुसंग मिलेर सेभ द चिल्ड्रेन तथा रतौली युवा क्लवले संयुक्त रुपमा कोरोनासंगको लडाईमा साथ दिन पाउदा खुशी लागेको बताए ।

उनले समुदायमा अझै जनचेतना अभाव र कोरोनालाई वेवास्ता गर्दा तेस्रो भेरिएन्टले भयावह रुप लिन सक्ने जोखिम रहेकोले सामाजिक दुरी लगायतको सवै सावधानी अपनाउन आग्रह गरेका छन । यता जलेश्वर नगरपालिकाका मेयर रामशंकर मिश्रले पाएको सहयोग अमुल्य रहेको बताउदै सवैको साथ र सहयोगले जलेश्वर नगरपालिकाले कोरोनामाथी विजय पाएरै छोड्ने बताए । उनले प्राप्त स्वास्थ्य सामग्री र अक्सिजन सिलिन्डर जलेश्वर नगरपालिका भित्रका सवै स्वास्थ्य चौकीहरुलाई पठाईने समेत बताए ।

रतौली युवा क्लवले पिपरा गाउपालिकालाई समेत शुक्रवार बार्ह लाख ८५ हजार ६५८ रुपया बरावरको अक्सिजन सिलिन्डर १५ थान,भिटिएम दुईसय सहित विभिन्न स्वास्थ्य सुरक्षा सामग्री प्रदान गर्न लागेको हो ।

# ४२ अर्बको धान, चामल र गेडागुडी आयात

वीरगञ्ज । गत आर्थिक वर्षमा वीरगञ्ज नाका भएर करिब ४२ अर्ब रुपियाँ बराबरको धान,चामल र गेडागुडी आयात भएको छ । गत आर्थिक वर्षमा वीरगञ्ज नाका भएर बिभिन्न मुलुकबाट ४१ अर्ब ९३ करोड रुपियाँको धान,चामल र गेडागुडी आयात भएको हो । वीरगञ्ज नाकामा रहेका वीरगञ्ज भन्सार र सिर्सिया सुक्खा बन्दरगाह भन्सार कार्यालयको तथ्याङ्क अनुसार भारत तथा तेश्रो मुलुकबाट करिब ४२ अर्ब रुपियाँ बराबरको धान, चामल, गहुँ, मकै, भटमास, फापर, कोदो, चना, केराउ, बोडी र सिमीका गेडा लगायतका खाद्यान्न आयात भएको देखिन्छ ।

आर्थिक वर्ष २०७७/०७८ मा वीरगञ्ज भन्सार भएर १८ अर्ब १६ करोड ४८ लाख ३८ हजार रुपैयाँ र सिर्सिया सुख्खा बन्दरगाह भन्सार भएर २३ अर्ब ७६ करो रुपियाँको खाद्यान्न आयात भएको हो ।

आयात भएको खाद्यान्नमा सबैभन्दा बढी ३० लाख ३४ हजार ९६२ मेट्रिक टन धान आयात भएको देखिन्छ । ३० लाख ३४ हजार ९६२ मेट्रिक टन धान ८ अर्ब ८१ रुपैयाँमा खरिद गरी आयात भएको तथ्याङ्कले देखाएको छ । धान मात्र होईन आर्थिक वर्ष २०७७/०७८ मा वीरगञ्ज नाका भएर ५८ हजार ८९५ मेट्रिक टन चामल आयात भएको छ । त्यस्तैगरी वीरगञ्ज नाका भएर ६४ हजार ७ सय १० मेट्रिक टन गहुँ , एक लाख ४ हजार २ सय १५ मेट्रिक टन भटमास , ७ लाख ४ हजार ३ सय ८८ मेट्रिक टन मकै आयात भएको छ । त्यस्तैगरी ८० हजार १ सय ४७ मेट्रिक टन केराउ , ५३ हजार ७ सय ७२ मेट्रिक टन सिमी , ६२ हजार ७ सय ६ मेट्रिक टन चना , १३ हजार ५ सय ५६ मेट्रिक टन फापर र कोदो समेत वीरगञ्ज नाकाबाट भित्रिएको छ ।

नेपालमा हुने उत्पादनले नपुग्ने भएपछि भारत, श्रीलंका , रसीया, टर्की, भियतनाम, ब्राजिल, अर्जेन्टिना, चीन, क्यानाडा, अष्ट्रेलिया, थाइल्याण्ड, जापान , अमेरिका , लगायतका मुलुकबाट धान, चामल, गहुँ, मकै , चना , केराऊ लगायतका खाद्यान्न आयात हुने गरेको भन्सार कार्यालयको तथ्याङ्कले देखाएको छ ।

आर्थिक वर्ष २०७६/०७७ मा भारत तथा तेश्रो मुलुकबाट वीरगञ्ज नाका भएर ३९ अर्ब ७८ करोड ४८ लाख ९५ हजार १ सय ३९ रुपैयाँको खाद्यान्न आयात भएकोमा आर्थिक वर्ष २०७७/०७८ मा वीरगञ्ज नाका भएर ४१ अर्ब ९३ करोड ३९ लाख ५५ हजार ५ सय ४७ रुपैयाँको आयात भएको छ ।

यस नाका भएर खाद्यान्न आयात हरेक वर्ष बढ्दो क्रममा रहेको छ । आर्थिक वर्ष २०७६/०७७ को भन्दा आर्थिक वर्ष २०७७/७८ मा करिब साढे २ अर्ब भन्दा बढी मुल्यको खाद्यान्न वीरगञ्ज नाका हुँदै आयात भएको हो ।

## एक वर्षमै २२ हजार बढीले लिए नागरिकता

राजविराज । एक वर्षमा सप्तरी र सिरहामा २२ हजार भन्दा बढीले नेपाली नागरिकता लिएका छन् । आर्थिक वर्ष २०७७/७८ को साउनदेखि असारसम्ममा सप्तरी र सिरहामा २२ हजार २ सय ९७ जनाले नेपाली नागरिकता लिएका हुन् । सिरहाका प्रमुख जिल्ला अधिकारी प्रदीप राज कँडेलका अनुसार सिरहामा मात्र आर्थिक वर्ष २०७७/७८ को साउनदेखि असारसम्ममा १२ हजार १ सय २१ जनाले नेपाली नागरिकता लिएका हुन् । उनका अनुसार कोरोना संक्रमणका कारण निषेधाज्ञा लगाए पनि नागरिकता बनाउनेको संख्यामा भने कमी आएन । यस्तै सप्तरीमा १० हजार बढीले नागरिकता लिएका छन् । सप्तरीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यका अनुसार आर्थिक वर्ष २०७७/७८ को साउनदेखि असारसम्म सप्तरीमा १० हजार १ सय ७६ जनाले नेपाली नागरिकता लिएको जानकारी दिए । आचार्यका अनुसार सप्तरीमा पछिल्लो तीन महिनामा दुई सय जनाले वैवाहिक अंगीकृत नागरिकता लिएका छन् । गत वैशाख, जेठ र असार मसान्तमा गरी दुई सय जनाले वैवाहिक अंगीकृत नागरिकता लिएका हुन् । यस्तै यही आर्थिक वर्षमा ४५३ जनाले वैवाहिक अंगीकृत नागरिकता लिएको प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले बताए ।

## महोत्तरीमा भाइरल ज्वरोको बिरामी बढे

महोत्तरी । महोत्तरीको जिल्ला अस्पताल जलेश्वरमा अहिले भाइरल ज्वरोका बिरामीको सङ्ख्या ह्वात्तै बढेको छ । अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट एवं निमित्त कार्यालय प्रमुख डा सतिश साहका अनुसार विगत पाँच/सात दिनदेखि जिल्ला अस्पतालमा भाइरल ज्वरोका बिरामीको सङ्ख्या ह्वात्तै बढेको हो ।उनले अहिले जिल्ला अस्पतालमा उपचार गराउन आएका बिरामीमध्ये ६०/७० प्रतिशत बिरामी भाइरल ज्वरोका नै हुने गरेको बताए । उनका अनुसार अहिले अस्पतालमा दैनिक औसतमा ५० जना भाइरल ज्वरोका बिरामी उपचारका लागि आउने गरेका छन् । केही दिनदेखि तराई मधेशमा अत्यधिक गर्मी बढेको र समय-समयमा वर्षा पनि भइरहेका कारण वातावरणमा आएको परिवर्तनले मानिसमा भाइरल ज्वरोको प्रकोप देखिएको डा साहले बताए । उनले मौसम परिवर्तनका कारण मानिसको शरीरमा अत्यधिक गर्मी भएको र शरीर तातो नै रहेको बेला अचानक पानीमा भिज्नु वा चिसो पदार्थ पिउनाले शरीरले तापक्रम अनुकूलरूपमा मिलाउन नसक्दा 'इन्फेक्सन' भएर भाइरल ज्वरो हुने गरेको बताए । यस्तो अवस्थामा मानिसलाई नआत्तिन, झोल पदार्थ बढी खान, पानी बढी पिउन, खानपिन र सरसफाइलगायतका जनस्वास्थ्यको मापदण्डमा ध्यान दिन डा. साहले सबैलाई आग्रह गरेका छन् ।

# पर्सालाई पूर्ण खोप जिल्ला घोषणामा ढिलाइ

पर्सा । सरोकारवाला निकायको निष्क्रियताले पर्सालाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गर्न ढिलाइ भएको छ । लामो गृहकार्यपछि वीरगन्ज महानगरपालिका भने असार ३१ गतेमा पूर्ण खोप सुनिश्चित महानगर घोषणा भएको थियो ।

पर्साका १४ स्थानीय तहमध्ये हालसम्म आधा दर्जन तहमा यस्तो घोषणा भएको छ । जसमा वीरगन्ज महानगरपालिका, सखुवा प्रसौनी गाउँपालिका, जिराभवानी गाउँपालिका, पर्सागढी नगरपालिका, ठोरी गाउँपालिका र छिपहरमाई गाउँपालिका छन् ।

स्वास्थ्य कार्यालयका निमित्त प्रमुख नवलकिशोर साहले स्थानीय तहको बेवास्ता र राजनीतिक दलको प्रतिबद्धताको अभावले जिल्लालाई पूर्ण खोप सुनिश्चित घोषणामा ढिलाइ भइरहेको बताए ।

उनका अनुसार बहुदरमाई नगरपालिका, जगरनाथपुर गाउँपालिका, पोखरिया नगरपालिका र विन्दवासिनी नगरपालिकामा पूर्ण खोप अभियान सम्पन्न भइसकेको र औपचारिक रूपमा पूर्ण खोप सुनिश्चित घोषणा गर्न मात्र बाँकी रहेको छ । यसबाहेक कालिकामाई र पटेर्वा सुगौली गाउँपालिकामा १/१ र धोबिनी गाउँपालिकामा ३ वटा वडा पूर्ण खोप सुनिश्चित घोषणा हुन बाँकी छ । पकाहामैनपुर गाउँपालिकाको भने एउटा पनि वडा पूर्ण खोप सुनिश्चित हुन सकेको छैन ।

पर्सामा २०७३ वैशाखबाट यो अभियान थालिएको थियो/। लक्ष्यअनुसार सन् २०१७ भित्रै जिल्लालाई पूर्ण खोप सुनिश्चित घोषणा गरी सक्नुपर्थ्यो । तर उक्त अवधिमा हुन नसकेपछि पटक-पटक म्याद थप्दै आइएको छ । पछिल्ला २ वर्षयता भने कोरोना महामारीलगायत कारण देखाएर ढिलाइ गरिँदै आइएको छ ।

नेपाल हाल पोलियोमुक्त राष्ट्र घोषणा भइसकेको छ । पछिल्लो पटक सन् २०१० मा रौतहटमा पोलियो रोगी भेटिएका थिए । विश्वमै पाकिस्तान र अफगानिस्तानबाहेक सबै मुलुक पोलियोमुक्त राष्ट्र घोषणा भइसकेका छन् ।

# नारायणी अस्पतालमा 'कोभिड डेडिकेटेड भवन' बन्ने

वीरगञ्ज । कोरोना संक्रमणको जोखिमलाई मध्यनजर गर्दै नारायणी अस्पतालमा छुट्टै 'कोभिड डेडिकेटेड भवन' बनाइने भएको छ ।

शवगृह नजिकैको जग्गामा कोभिड डेडिकेटेड अस्पताल बनाइनेछ । भवन निर्माणका लागि स्वास्थ्य मन्त्रालयले तीन करोड रुपैयाँ निकासा गरेको थियो । त्यही रकमबाट 'कोभिड डेडिकेटेड भवन' बनाउन लागिएको अस्पताल प्रशासनले जनाएको छ ।

६६ वटा बेड अट्न सक्ने एकतले भवन तयार हुनेछ । तर अस्पतालले मन्त्रालयसँग थप बजेट माग गरेर तीन तल्लासम्म बनाउने सोच बनाएको छ । थप दुई करोड रुपैयाँ निकासा भएको खण्डमा तीनतल्ले भवन तयार हुने त्यसबाट दुई सय बेडको केभिड सेवा दिन सकिने अस्पतालको भनाइ छ ।

छुट्टै कोभिड डेडिकेटेड ठाउँ भएपछि अन्य सेवा बन्द नगरी कोभिड सेवा दिन सक्ने अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डाक्टर वीरेन्द्र प्रधानले बताए ।

कोभिड भवनमा भेन्टिलेटर, अक्सिजन कन्सन्ट्रेटर लगायत आवश्यक सबै सेवा सुविधा भएको एचडीयू, आईसीयू बेड तयार गरिने निमित्त मेसु डाक्टर प्रधानको भनाइ छ ।

# विद्यालयको शुल्क मिनाहाको माग गर्दै ज्ञापनपत्र

वीरगञ्ज । सरकारी आदेशको अवज्ञा गर्दै वीरगञ्जमा विद्यालय सञ्चालन गरिएको तथा लकडाउन अवधिभरिको विद्यालयको शुल्क मिनाहा गर्न माग गर्दै नेकपा माओवादी केन्द्र निकट विद्यार्थी संगठन अखिल क्रान्तिकारीले पर्साका प्रमुख जिल्ला अधिकारीसहित सम्बन्धित निकायमा ज्ञापन ज्ञापन पत्र बुझाएको छ ।

अखिल क्रान्तिकारीले पर्साका प्रमुख जिल्ला अधिकारी पिताम्बर घिमिरे र वीरगञ्ज महानगरपालिकाको शिक्षा शाखामा ज्ञापन पत्र बुझाएको हो ।

विश्व स्वास्थ्य संगठनको मापदण्ड पालना गरी शैक्षिक संस्थाहरु सञ्चालन गर्न दिनुपर्ने, कर्मचारी तथा शिक्षक शिक्षिका, विद्यार्थीरुलाई कोरोनाविरुद्धको खोप दिनुपर्ने, लकडाउन अवधिभरको शुल्क मिनाहा गर्नुपर्ने, सरकारले तोकेअनुसारको मात्रै शुल्क लिनुपर्ने ज्ञापन पत्रमार्फत माग गरिएको छ ।

यस्तै पोशाक, पुस्तक तथा शैक्षिक सामाग्रीहरु परिवर्तन गर्न नपाउने, निजी तथा आवासीय विद्यालयहरुको वर्गीकरण गर्नुपर्ने लगायतका मागहरु ज्ञापन पत्रमा समेटिएको छ ।

शैक्षिक संस्थाहरु सरकारी आदेशको अवज्ञा गर्दै सञ्चालनमा ल्याएकोप्रति आफूहरुको गम्भीर ध्यानाकर्षण भएको अखिल क्रान्तिकारी पर्साका अध्यक्ष कविराज पटेलले जानकारी दिए ।

पछिल्लो समय शिक्षाको मामिलामा कतिपय शैक्षिक माफियाहरुले शिक्षालाई व्यापारीकरण गरेकोप्रति गम्भीर ध्यानाकर्षण भएको उनले बताए ।

शिक्षाको क्षेत्रमा अहिले देखिएका यस्ता समस्याहरुलाई तत्काल सम्बन्धित निकायबाट समाधान नभए कडा आन्दोलनमा समेत उत्रिने अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य एवं पर्सा ईञ्चार्ज जुबैर आलमले चेतावनी दिए ।


**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**
**नगरप्रमुख**
**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**
**नगरप्रमुख**
**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# काश्मिरले काँचुली फेर्दै, नयाँ परिवर्तनको सम्भावना : राष्ट्रपति



राष्ट्रपति रामनाथ कोविन्दले हिंसा काश्मिरको संस्कृति कहिले नरहेको र अब काश्मिरले काँचुली फेर्दै गरेकोले चाँडै नँया परिवर्तन को सम्भावना रहेको बताउनुभएको छ।

मंगलबार श्रीनगर स्थित कश्मीर विश्वविद्यालयको १९ औं वार्षिक दीक्षान्त समारोहलाई सम्बोधन गर्दै उनले यस ठाउँको मूल प्रकृति सधैं समावेशी रहेको बताउनुभयो।

राष्ट्रपति कोविन्दका अनुसार यस भूमिमा आएका प्रायः सबै धर्महरूले कश्मीरीयतको अद्वितीय विशेषतालाई ग्रहण गऱ्यो जसले गर्दा परम्परावादी मान्यता हट्दै गयो र समुदायमा सहिष्णुता र पारस्परिक स्वीकृति प्रोत्साहित गर्दै गयो।

यस्तो शान्तिमय सहअस्तित्वको उत्कृष्ट परम्परा तोडिनु "अत्यन्त दुर्भाग्यपूर्ण" भएको उनले बताउनुभयो।

"काश्मिरकोरु प्रकृति मा नरहेको हिंसा दैनिक वास्तविकता बन्न पुग्यो। यसलाई केवल विकृति भन्नमिल्छ। तर हिंसा भाइरस जस्तो अस्थायी प्रकृतिको हुन्छ। यसलाई निकालेर फ्याक्नु पर्छ।"

"अब यो देशको हराएको महिमा फेरि प्राप्त गर्न नयाँ सुरुवात र दृढ प्रयासहरू गर्नु जरुरी छ।," राष्ट्रपति कोविन्दले भन्नुभयो।

काश्मिर बाँकी भारतका लागि सधैं आशाको केन्द्र बनिरहने छ। यसको आध्यात्मिक र सांस्कृतिक प्रभाव सम्पूर्ण भारतमा रहिरहने छ।"

लोकतान्त्रले सबै मतभिन्नताहरु मिल्काउनरु सक्छ र नागरिकमा भएको राम्रो क्षमता उजागर गर्नसक्छ। कश्मीरले यो दर्शनलाई साकार गरिसकेको छ, उनले थप्नुभयो।

"लोकतन्त्रले काश्मिरी जनतालाई आफ्नो भविष्य निर्माण गर्न दिएको छ, भविष्य शान्तिमय र समृद्ध बनाउन सक्षम बनाएको छ। युवा र महिलाको यसमा विशेष योगदान छ। उनीहरूले जीवनको र काश्मिरको पुनर्निर्माण गर्ने यस मौकालाई जानदिने छैनन। "

दीक्षान्त समारोहमा विद्यार्थीहरूलाई सम्बोधन गर्दै उनले कश्मीर विश्वविद्यालयको १९ औं दीक्षान्त समारोहमा डिग्री प्राप्त गर्ने आधा विद्यार्थीहरू महिला भएकोमा र ७० प्रतिशत स्वर्ण पदक विजेता पनि महिला भएको मा गर्व व्यक्त गर्नुभयो।

हाम्रो राष्ट्र निर्माणको आधारशिला शिक्षा नै रहेको औंल्याउँदै उनले भने कि भारतले ज्ञानलाई सबै भन्दा माथि राखेकोले सधैं सम्मान पाएको छ।

"हाम्रो शिक्षामा ठूलो परम्परा थियो, र कश्मीर पनि त्यसै परम्परा को हिस्सा बनेको छ।" उनले भन्नुभयो।

*- इण्डिया न्यूज नेटवर्क*

# रक्षामन्त्री राजनाथ सिंह दुशांबे प्रस्थान



शांघाई सहयोग संगठन (एससीओ) का सदस्य राष्ट्रहरूका रक्षामन्त्रीहरूको वार्षिक बैठकमा भाग लिन रक्षामन्त्री राजनाथ सिंहले मंगलबार दुशान्बेको तीनदिने भ्रमण शुरू गरेका छन्।

रुस, चीन, पाकिस्तान र बाँकी चार मध्य एसियाली देशहरू जस्तै काजाकिस्तान, किर्गिस्तान, ताजिकिस्तान र उज्बेकिस्तानका रक्षामन्त्री पनि यस बैठकमा सहभागी हुँदै छन्। सो बैठक यही जुलाई महिनाको २७ तारिख देखि २९ तारिख सम्म आयोजना हुनेछ।

यस वर्ष एससीओको अध्यक्षता ताजिकिस्तानले गर्दैछ।

रक्षा मन्त्रालयका अनुसार जुलाई २८ तारिख का दिन ताजिकिस्तानको राजधानीमा एससीओ रक्षा मन्त्रीहरूको वार्षिक बैठकमा राजनाथ सिंहले सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

बैठकमा सुरक्षा सहयोगलाई लिएर एससीओका सदस्य राष्ट्रहरू बीच छलफल हुने भनिएको छ। विचार विमर्श पछि एक विज्ञप्ति जारी गरिनेछ।

आफ्नो भ्रमणका क्रममा द्विपक्षीय मुद्दा र आपसी हित जस्ता विषयमा चर्चा गर्न रक्षा मंत्री आफ्नो ताजिक समकक्षी कर्नल जनरल मिर्जो सँग पनि भेट् गर्नेछन्।

गत बर्ष सेप्टेम्बरमा सिंहले शांघाई सहयोग संगठन (एससीओ) को रक्षामन्त्री को बैठक, सामूहिक सुरक्षा सन्धि संगठन (सीएसटीओ) र राष्ट्रकुल स्वतन्त्र राज्य (सीआईएस) का सदस्य राष्ट्रहरूको संयुक्त बैठकलाई सम्बोधन गरेका थिए।

सन् २०१८ को अप्रिल महिनामा पहिलो पटक भारतले बेइजिङ मा आयोजित एससिओको १५ औं संस्करण बैठकमा सहभागिता जनाएको थियो। यस अघि सन् २०१७ मा भारत अंतर सरकारी संगठनमा सामेल भएको थियो।

*- इण्डिया न्यूज नेटवर्क*

# आईएनएस तलवारद्वारा केन्याको मोम्बासा बन्दरगाहको भ्रमण

हिन्द महासागर क्षेत्रमा आफ्नो समुद्री उपस्थितिलाई सुदृढ पार्न र उच्च परिचालन तत्परता कायम राख्नको लागि भारतीय नौसैनिक जहाज तलवार जुलाई २६ तारिख देखि 'कटलास एक्सप्रेस २०२१' मा सहभागी हुँदैछ। यो अभ्यास अफ्रिकाको पूर्वी तटमा अगस्ट महिनाको ६ तारिख सम्म आयोजना गरिनेछ।

रक्षा मन्त्रालयका अनुसार भारत, अमेरिका र बेलायत बाहेक १२ पूर्वी अफ्रिकी राष्ट्रहरू, अन्तर्राष्ट्रिय समुद्री संगठन (आईएमओ), संयुक्त राष्ट्र संघको लागूऔषध र अपराध नियन्त्रण कार्यालय (यूएनओडीसी), इन्टरपोल, युरोपेली संयुक्त नौसेना बल (युनेभफोर), हिन्द महासागर को महत्पूर्ण मार्ग(क्रीमेरियो) र युक्याप, सोमालिया पनि यस अभ्यासमा भाग लिंदै छन्।

पश्चिमी हिन्द महासागर, पूर्वी अफ्रिका मा राष्ट्रिय र क्षेत्रीय समुद्री सुरक्षा प्रवर्द्धन गर्न यो अभ्यास वार्षिक रुपमा आयोजना गरिन्छ।

यो अभ्यास पूर्वी अफ्रीकाको तटीय क्षेत्रहरूमा केन्द्रित रहेको छ। साथै यस अभ्यास द्वारा समुद्री कानून प्रवर्तन क्षमताको आकलन र सुधार गर्ने, राष्ट्रिय र क्षेत्रीय सुरक्षा प्रबर्द्धन गर्ने र क्षेत्रीय संयुक्त नौसेना बीच अन्तरक्रियाशीलता बढाउने उद्देश्य लिइएको छ।

अभ्यासको एक हिस्साको रूपमा, भारतीय नौसेना अन्य साझेदार सँग मिलेर समुद्री सुरक्षा कार्यक्रम मा भाग लिनेछ।

साथै यस अभ्यास मा समुद्री क्षेत्र सुरक्षा जागरूकताका लागि विभिन्न साझेदार देशहरू बीच सूचना साझेदारी र जानकारी प्रवाह पनि समावेश गरिएको छ। यसै उद्देश्य लाई पूरा गर्न भारतको सूचना फ्यूजन सेन्टर - हिन्द महासागर क्षेत्र ( आईएफसी-आईओआर) ले पनि आफ्नो सहभागिता जनाउँदै छ।

आईएनएस तलवार केन्याको मोम्बासाको पनि भ्रमण गर्दैछ। त्यहाँ केन्याली नौसेना का विभिन्न अधिकारी सँग कुराकानी गर्ने योजना पनि रहेको छ। मोम्बासामा रहेको बेला जहाजले विभिन्न कार्यक्रमहरूको आयोजना पनि गर्नेछ। यसबाट केन्या, भारतीय समुदाय र कटलास एक्सप्रेसका सहभागीहरू बाहेक अन्य साझेदारहरू सँग पनि मैत्रिक सम्बन्ध स्थापित गर्ने उद्देश्य लिइएको छ।

आईएनएस तलवारको भ्रमणले पूर्वी अफ्रीकाको तटवर्ती देशहरू र पश्चिमी आईओआर तर्फ भारतको प्रतिबद्धता अझ सुदृढ हुँदै गइरहेको छ। साथै यस जहाजले भारत र हिन्द महासागर क्षेत्रमा समुद्री सहयोग र दर्शन सागर (सुरक्षा र वृद्धि) को सम्बन्धमा भारतले दिएको नीतिअनुरूप काम गरिरहेको छ। – इण्डिया न्यूज नेटवर्क


## पत्रकार आचारसंहिताको पालना गरौं

पत्रकार तथा सञ्चारमाध्यमले:

- हिंसा र अपराधलाई प्रश्रय दिने,
- आत्महत्या गर्न उक्साउने,
- अश्लिल, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने,
- त्रास उत्पन्न गर्ने

सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# नयाँदिल्ली गन्तव्यमा छ उडान सञ्चालन

काठमाडौं । नेपाल र भारतबीच भएको एयर बबल सम्झौताअनुरुप काठमाडौं-नयाँ दिल्ली गन्तव्यमा सातामा कूल छ उडान सञ्चालन भएको छ । यसअघि नयाँ दिल्लीमा साताको दुई उडान हुदै आएकामा अब छ उडान हुने भएको हो । सम्झौताअनुरुप नेपालले प्रस्ताव गरेबमोजिम उडान सङ्ख्या बढेको र छिट्टै उडान तालिका बनाइने नेपाल वायुसेवा निगमका प्रवक्ता करिश्मा श्रेष्ठले जानकारी दिए । उनका अनुसार अब नयाँ दिल्लीमा काठमाडौंबाट सोमबार, बुधबार र शनिबार निगमको जहाजले उडान भर्नेछ । यसअघि दुई उडान कायम रहेका बेला निगमले बुधबार र भारतको एयर इन्डियाले शुक्रबार उडान भर्ने गरेका थिए । अहिले दुवै एयरलाइन्सले समान तीन उडान पाएका हुन् । यात्रुको सहजतालाई ध्यानमा राखी एयर इन्डियासँग समन्वय गरी उताको उडान हुने बार नजुध्ने गरी निगमले उडान तालिका बनाएको जनाइएको छ । उडान तालिका मिलाउँदा हरेक दिन उडान सञ्चालन हुनेछ ।

## जिल्ला समाचार

### निष्काशन गरेको पत्र प्रदेशसभा सचिवालयलाई

रुपन्देही । लुम्बिनी प्रदेशका तीन सांसदलाई निष्काशन गरेको पत्रमार्फत् जनता समाजवादी पार्टी नेपालले प्रदेशसभा सचिवालयलाई जानकारी गराएको छ । सांसदहरु सन्तोषकुमार पाण्डेय, विजयबहादुर यादव र कल्पना पाण्डेयलाई निष्कासन गरेको संसदीय दलका नेता सहसराम यादवले जानकारी गराएका छन् । जसपाले सोधेको स्पष्टीकरण चित्तबुझ्दो नभएकोले अनुशासनको कारबाही गरिएको लुम्बिनी प्रदेशका संसदीय दलका नेता सहसराम यादवले पत्रमा उल्लेख गरेका छन् । पार्टीले लगाएको ह्वीप उल्लंघन गरेपछि उनीहरुलाई गत जेठ ३० गते स्पष्टीकरण सोधिएको र त्यसको चित्तबुझ्दो जवाफ नदिएकाले राजनीतिक दलसम्बन्धी ऐन २०७३ अनुसार कारबाही गरेको यादवले उल्लेख गरेका छन् ।

### हराएका बालबालिकाको भारतमा उद्धार

नेपालगञ्ज । बाँकेको कोहलपुरबाट छ महिनाअघि हराएका तीन बालबालिकालाई भारतको बरेलीस्थित एक बालगृहबाट उद्धार गरिएको छ । कोहलपुर नगरपालिका-४ निवासी ११ वर्षीय रोशन बादी, उनका भाइ सात वर्षीय विशाल र पाँच वर्षीया पूजा बादीलाई उद्धार गरी रुपन्देही हुँदै कोहलपुर ल्याइएको छ । बरेलीस्थित नारी निकेतन अनाथाश्रममा रहेका उनीहरुलाई रुपन्देहीस्थित 'मानवकल्याण मित्र मञ्च' नामक संस्थाका समन्वयमा उद्धार गरेर ल्याइएको र आजै परिवारको जिम्मा लगाइने वडाध्यक्ष तीर्थराम थारुले जानकारी दिए । उनीहरुसँगै बैतडी र दाङका एकएक बालक पनि सोही बालगृहमा भेटिएको बताइएको छ । हराएका तीन बालबालिका नेपालगञ्जस्थित जमुनाह नाका हुँदै रुपैडिया हुँदै भारतीय ट्रकमा बरेली पुगेका थिए । बरेली पुग्नुभन्दा दुईतीन किलोमिटर वरै ट्रकले झारिदिएकाले अलपत्र अवस्थामा सडकमा हिँडिरहेका उनीहरुलाई भारतीय प्रहरीले उद्धार गरेर मञ्चको जिम्मा लगाएको थियो । साथीहरुको लहलहैमा घर छाडेर जोखिमपूर्ण यात्रा गर्दै भारत पुगेका बालबालिका त्यहाँका विभिन्न शहरमा अलपत्र पर्ने गरेको माइती नेपाल नेपालगञ्ज शाखाका संयोजक केशव कोइरालाले बताए ।

### उखु किसानको ३ करोड फ्रिज

रौतहट । गत वर्ष उखुको भुक्तानी लामो समयसम्म नपाएको भन्दै रौतहटका किसान आन्दोलित भए । किसान, चिनी मिल र सरकारबीच बक्यौता भुक्तानी दिने सहमति भयो । मिल सञ्चालकले सम्झौताअनुसार भुक्तानी नदिएपछि सरकारले पक्राउ पुर्जीसमेत जारी गऱ्यो । विवाद बढेपछि गरुडा नगरपालिका-५ स्थित महम्मदपुरस्थित श्रीराम सुगर मिलले फागुनदेखि किसानको बक्यौता भुक्तानी गर्न थाल्यो । तर, अन्तिम समयमा भुक्तानी रकम लिन केही किसान गएनन । अहिलेसम्म किसानको ३ करोडभन्दा बढी रकम बैंकमै रोक्का छ । बक्यौता रकम दाबी गर्न किसान नआएपछि प्रशासनले मिलको खाता रोक्का गरेर राखेको हो । रौतहटका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले ३ करोड १२ लाख ९ हजार रुपैयाँ विभिन्न कारणले भुक्तानी रोकिएको बताए । उखु उत्पादक संघका जिल्ला अध्यक्ष अशोक यादवले भुक्तानी लिन छुटेका किसानसित सम्पर्क गर्न लागेको बताए । 'अधिकांशले भुक्तानी लिइसकेका छन्/ । छुटेकाहरू को-को छन् भन्ने तथ्यांक संकलन गर्दै छौं,' उनले भने, 'जिल्लाभरिका उखु किसानलाई बोलाएर छुट भएको रकम प्रमाणसहित दाबी गर्न जान भनेका छौं ।' चिनी मिलका फाइनान्स अधिकृत नरेन्द्रप्रसाद गुप्ताले किसानको बक्यौता रकम दाबी गर्न नआएकाले बैंकमा त्यतिकै बसेको बताए । भुक्तानीकै कारण मिल र किसानबीच द्वन्द्व चर्किएको थियो/ । २०७१ सालदेखि चिनी मिलले उखु खरिद गरेबापतको उक्त रकम बक्यौता राखेको थियो । रौतहटका १० हजारभन्दा बढी किसानको ६ वर्षदेखि रकम बाँकी राखेपछि उनीहरू चिनी मिलविरुद्ध आन्दोलित भएका थिए । मिलका सञ्चालक हितेश गोल्छा, विशाल अग्रवाल र उपाध्यक्ष पद्मकान्त झाविरुद्ध रौतहटका ४६ किसानले गत पुस १ गते ठगी मुद्दा दर्ता गराएका थिए । त्यसपछि मिलले भुक्तानी सुरु गरेको हो । मिलले गत फागुनमा ३७ करोड ३७ लाख १९ हजार रुपैयाँ भुक्तानी गरिसकेको छ ।

### हेरोइनसहित एकजना पक्राउ

कैलाली । धनगढी उपमहानगरपालिका-२ चौराहस्थित सिटि होटलबाट ६ ग्राम अवैध लागूऔषध हेरोइन सहित सोही उपमहानगरपालिका-१ बस्ने २८ वर्षीय सुरज पार्कीलाई मंगलबार साँझ प्रहरीले पक्राउ गरेको छ । उक्त होटेलमा लागूऔषधको कारोबार भइरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले होटेल जाँच गर्ने क्रममा उनको साथबाट उक्त लागूऔषध सहित फेला पारी उनलाई पक्राउ गरेको हो ।

### लुटपाट गर्ने खोज्ने ६ जना पक्राउ

मोरङ । सुन्दरहरैचा नगरपालिका-१० त्रिबेणी चोक बस्ने खगेन्द्र थापाको शिव पञ्चायन ज्वेलर्समा हतियार देखाई लुटपाट गर्न खोजेको अभियोगमा ६ जनालाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सुनसरी ईटहरी उपमहानगरपालिका-२० तरहरा डेरा गरी बस्नेहरु संखुवासभा सभापोखरी गाउँपालिका-४ घर भएका ३९ वर्षीय प्रकाश भन्ने चन्द्र बहादुर राई, संखुवासभा बारबिसे गाउँपालिका-६ घर भएका ३० वर्षीय चिरञ्जिवि राई, भोजपुर पौवादुम्मा गाउँपालिका-३ घर भएका ३० वर्षीय नगेन्द्र राई, सुनसरी गढी गाउँपालिका-१ बस्ने ४५ वर्षीय डाईमण्ड भन्ने प्रमोद चौधरी, मोरङ सुन्दरहरैचा नगरपालिका-५ बस्ने २२ वर्षीय मिशन राई र मोरङ सुन्दरहरैचा नगरपालिका-७ बस्ने ३१ वर्षीय सन्तोष राई रहेका छन् । उक्त ज्वेलर्समा असार ३१ गते ६ जना मोटरसाइकलमा आई लुटपाट गर्न योजना बनाए पनि सफल हुन नसके पश्चात वुढी खोलाको बाटो हुँदै ईटहरीतर्फ गएको र साथमा लगेको हतियार नमुना सामुदायिक वन जंगलमा रूखको टोड्कोमा लुकाई छिपाई राखेको तथा साउन १ गते दिउँसो उक्त ज्वेलर्समा लुटपाट गर्ने उद्देश्यले हतियार सहित प्रमोद चौधरी लगायत ३ जना प्रवेश गरेको र अन्य ३ जना उक्त पसलको वरिपरि निग्रानी गरी बसेको अनुसन्धानबाट खुल्न आएको छ । साथै सुन्दरहरैचा नगरपालिका-५ नमुना सामुदायिक वनको करमको रूखको टोड्कोभित्र लुकाई राखेको अवस्थामा घटनामा प्रयोग भएका १ थान एसएमजी, सोको १ थान म्याग्जिन, ६२ राउण्ड गोली, १ थान अटोमेटिक पेस्तोल, सोको १ थान म्याग्जिन, २ राउण्ड गोली, १ थान कटुवा पेस्तोल, थ्रिनटथ्रि राइफलको ४ राउण्ड गोली र २ थान संचार सेट प्रहरीले बरामद गरेको छ । साथै उनीहरुको साथबाट को.२ ह २७३६ नम्बरको अटो रिक्सा, प्रदेश १-०२-०४४ प ५९९५ मोटरसाईकल, को.२० प १८६ मोटरसाईकल, को.८ प ६५८३ मोटरसाईकल, को.२१ प ६७०३ मोटरसाईकल, ८ थान मोबाइल र नगद १६ हजार १ सय रुपैयाँ समेत प्रहरीले बरामद गरेको छ ।

### किशोरीलाई जबरजस्ती गर्ने पक्राउ

कपिलवस्तु ।१५ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा मायादेबी गाउँपालिका-७ बसन्तपुर बस्ने २१ वर्षीय कली मुल्लाह मुसलमानलाई शनिबार राति पक्राउ गरेको छ । घर नजिकै रहेको कुखुरा फर्ममा ती किशोरीलाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी तुलसिपुर बलुहवाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### स्कुटर चोरी गरेको अभियोगमा पक्राउ

बाँके । कोहलपुर नगरपालिका-१२ बस्ने प्रकाश खड्काको आफ्नै घरमा पार्किङ गरी राखेको भे.७ प. ५४८९ नम्बरको स्कुटर चोरी गरेको अभियोगमा बर्दिया बारबर्दिया नगरपालिका-९ बैदी बस्ने उमेश चौधरीलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । उक्त स्कुटर चोरी भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी कतर्नियाघाटबाट खटिएको प्रहरीले चौधरीको घरमा उक्त स्कुटर लुकाई राखेको अवस्थामा फेला पारी चौधरीलाई पक्राउ गरेको हो । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बर्दियाले जनाएको छ ।

### चोरीपैठारीको सामान बरामद

कैलाली । जिल्लाको कैलारी गाउँपालिका ५ पबेरा तथा धनगढी उपमहानगरपालिका १ पुलवारीस्थित सीमा ईलाकाबाट सशस्त्र प्रहरीले करीव ३ लाख ५८ हजार रुपैयाँ बराबरको चोरीपैठारीको किराना सामान बरामद गरेको छ । भारतबाट अवैध रुपले तीन वटा मोटरसाईकलमा राखेर ल्याउँदै गरेको उक्त सामान सशस्त्र प्रहरी बल नेपाल नम्बर ३४ गण कैलालीबाट सशस्त्र प्रहरी सहायक निरीक्षक गोविन्दराज जोशीको कमाण्डमा खटिएको सशस्त्र प्रहरीले बरामद गरेको हो । बरामद सामान तथा मोटरसाईकल भन्सार कार्यालय त्रिनगरबा बुझाईएको छ । उक्त मोटरसाईकलको भन्सार दाखिला मुल्य ६ लाख ५० हजार रुपैयाँ रहेको छ ।

# अनुभवी पेजेन्ट निर्देशकले कार्यक्रमको सफलताको ग्यारेन्टी गर्छ : निशु झा



**निशुकान्त झा**
**पेजेन्ट निर्देशक तथा महासचिब, ब्युटी पेजेन्ट असोसीएसन अफ नेपाल**

*नेपाली ब्युटी पेजेन्ट जगतमा निशुकान्त झा, पेजेन्ट आयोजक तथा पेजेन्ट निर्देशकहरुमध्ये अग्रपंक्ति पर्नु हुन्छ । उहाँले आफ्नो संस्था रिवन इन्टरटेनमेन्टबाट वार्षिक ५ वटा उत्कृष्ट पेजेन्टहरुको आयोजना गर्दै आइरहनु भएको छ । मिसेस नेपाल इन्टरनेसनल, मिस्टर एंड मिस एस.ई.ई अफ द ईयर, नेपाल्स सुपरमोडल कन्टेस्ट, मिस टिन अफ द ईयर, फेस अफ द ईयर लगायतका उत्कृष्ट कार्यक्रमको आयोजन, व्यवस्थापन तथा निर्देशन गरेको कारणले गर्दा वहाँलाई अरु संस्थाले पनि पेजेन्ट निर्देशकको रुपमा जिम्मेदारी सुम्पिने गर्दछन । आफ्नो संस्था रिबन लगायत अरु संस्थाको पेजेन्टमा निर्देशकीय जिम्मेबारी निर्वाह गर्दै आइ रहनु भएका झा वार्षिक झन्डै २० वटा कार्यक्रममा आफ्नो निर्देशकीय क्षमता प्रस्तुत गर्नुहुन्छ । ब्युटी पेजेन्ट क्षेत्रलाई निकै नजिकबाट नियाल्दै यस संग सम्बन्धित ज्ञाता, पेजेन्ट आयोजक तथा पेजेन्ट निर्देशक निशु कान्त झा, सम्पूर्ण ब्युटी पेजेन्ट क्षेत्रमा आवद्ध व्यक्ति तथा संघ - संस्थाको साझा चौतारी, ब्युटी पेजेन्ट असोसीएसन अफ नेपाल ( ब्पएब्ल् ) का महासचिब पनि हुनुहुन्छ । प्रस्तुत छ यसै क्षेत्रसँग सम्बन्धित विशेष कुराकानीको अंश:*

**० यति बेला के गर्दै हुनुहुन्छ ?**

– पछिल्लो वर्ष कोरोनाको कारणले हाम्रो पेजेन्ट क्षेत्रको लागि एकदमै गार्हो थियो । नेपालका साथै विश्व मंचमा पनि धेरै ठुला साना कार्यक्रमहरु स्थगित हुन पुगे तर अब बिस्तारै सुरक्षाको मापदण्ड अपनाई पेजेन्टहरुको आयोजना हुदै गईरहेको देख्दै छु । छिट्टै नै नेपालमा पनि लक डाउन पूर्ण रुपले अन्त्य हुन साथ हामी पनि आफ्नो सबैभन्दा ठुलो कार्यक्रम मिसेस नेपाल वर्ल्ड को अडिसनको घोषणा गर्दै छौ । अहिले त्यसैको तयारीमा छु ।

**० मिसेस नेपाल वर्ल्ड कस्तो कार्यक्रम हो ? यसमा को सहभागी हुन सक्नुहुन्छ ?**

– मिसेस नेपाल वर्ल्ड विवाहित महिलाहरुको लागि आयोजना हुने नेपालको सबै भन्दा ठुलो कार्यक्रम हो । पहिले हामीले यो कार्यक्रम मिसेस नेपाल इन्टरनेसनलको नामले आयोजना गर्ने गरेका थियौ । यस वर्ष देखि रिबन इन्टरटेनमेन्टले मिसेस वर्ल्डको पनि आधिकारिक फ्रेन्चाईज लिएर आफ्नो कार्यक्रमलाई अझै भव्य र हाम्रो कार्यक्रमका विजेताले विवाहित महिलाको लागी विश्वको सबैभन्दा ठुलो मंचमा सहभागिता जनाउन पाउनु हुनेछ भनी उदेश्यका साथ संचालन गर्दैछौ । यसपालिको मिसेस वर्ल्डमा नेपालको सहभागिता संगै नेपालीले पहिलो छोटी मिसेस वर्ल्डमा हाम्रो देशको झण्डा फहराउनेछिन । यसमा कम्तिमा एस.ई.ई. उतिर्ण २० वर्ष पुरा भएको विवाहित नेपाली महिलाहरुले सहभागिता जनाउन सक्नु हुनेछ । उचाई र तौलको कुनै मापदण्ड छैन ।

**० कुनै पेजेन्टमा निशु झा लाईनै पेजेन्टको निर्देशकको रुपमा लिनाले के फाइदा हुन्छ ?**

– जब म पेजेन्टको निर्देशकको रूपमा नियुक्त हुन्छु मेरो यस क्षेत्रको लामो अनुभव र दक्षताले मेरो भूमिकालाई पेशागत तथा व्यवशायिक रुपमा आफ्नो उत्कृष्ट योगदान दिई उक्त कार्यक्रमलाई एक भव्य शोमा परिणत गर्ने आयोजकलाई आश्वस्त पार्दछु । पेजेन्ट निर्देशक नै कुनै पनि पेजेन्टको नेतृत्वकर्ता हुन्छन त्यसैले उनीहरुले तयार पारेको ढाँचा अनुसार यसमा सम्बन्धित सम्पूर्णले टिमले आ-आफ्नो काम गरेका हुन्छन । त्यसैले एक राम्रो अनुभवी पेजेन्ट निर्देशक कार्यक्रमको सफलताको लागी निकै लाभदायक हुन सक्छन जसले गर्दा उक्त शोले व्यावसायिक सफलता पाउने गर्दछ । यदि तपाईंसँग अनुभवी टिम र सहयोगी हातहरू छन् भने कार्यक्रमले प्रायोजकहरू पाउन सजिलो हुन्छ र यसका साथै उक्त पेजेन्ट एक सफल पेजेन्ट बन्दछ ।

**० हामीकहाँ हुने ब्युटी प्याजेन्ट प्रतियोगिताहरू किन विवाद रहित हुन नसकेका होलान ?**

– मेरो बिचारमा धेरै यस्ता प्रतियोगिता हरु छन् जसमा सबै कुरा एकदम निष्पक्ष रुपमा प्रक्रियागत तरिकाले विजेताको चयन गरिएको हुन्छ तर पनि उक्त कार्यक्रममा कहिले काँही धान्धलिको आरोप लागेको हुन्छ । कहिलेकाहीं निर्णायक मण्डल र प्रतियोगीको तथा दर्शकहरुको एकै प्रश्नको उत्तर प्रति विभिन्न द्रिष्टिकोन या बैचारिक मत भिन्नता हुन सक्छ त्यसमा निर्णय लिने पूर्ण अधिकार त निर्णायक मण्डलको भएकोले दर्शक तथा प्रतियोगी बाट बिरोधको स्वर आउन सक्छ किनकि हाम्रो बैचारिक मतभिन्नता हुन साथ हामी गलत भयो भन्ने गरेका छौ त्यस्तो समयमा हामीले अनुभवी र योग्य निर्णायक मण्डलको मुल्यांकन लाई सम्मान गर्नु पर्ने हुन्छ ।

**० कोरोनले ब्युटी पेजेन्ट क्षेत्रलाई कतिको असर पारेको छ ?**

– अहिलेसम्म हामीले सौन्दर्य प्रतियोगिताहरु दर्शकको प्रत्यक्ष्य उपस्थितिमा गराउदै आईरहेका थियौ । प्रत्यक्ष दर्शक माझ यस्ता कार्यक्रमको आयोजनालाई सरकारले पूर्ण रुपमा निषेध गरेको हुनाले बिगत १३ महिनादेखि यस्ता कार्यक्रमको आयोजना हुन गार्हो छ र यस क्षेत्र संग सबन्धित पेजेन्ट आयोजक, पेजेन्ट निर्देशक, पेजेन्ट कोरियोग्राफर, हलका कर्मचारी, फेसन डिजाइनर, मेक-अप आर्टिस्ट, स्टेज, लाईट -साउण्ड सेवा प्रदायक, भोटिंग सेवा प्रदायक, सुरक्षा सेवा प्रदायक कम्पनीहरु, होटल्स लगायत अन्य धेरै व्यक्तिहरुलाई कोरोनाको कहरले निकै नै असर परेको छ । धेरैको रोजगारी गएको छ र ति व्यक्ति तथा सम्बन्धित क्षेत्रका दैनिक ज्यालादारीमा काम गर्ने मजदुरलाई खान पनि धौ-धौ को अवस्था छ । अहिलेको समयमा कोरोनाले ब्युटी पेजेन्ट क्षेत्र तथा समस्त इभेन्ट क्षेत्रलाई थला पारेको छ । हामी छिट्टै नै सावधानीका र यसको समाधानका साथ ब्युटी पेजेन्टहरु सुचारु गर्दैछौ जसले गर्दा यस पेशामा आश्रितहरुले पलायन हुन न परोस ।

**० अहिले लकडाउनको समयमा के कुनै ब्युटी पेजेन्ट आयोजना गर्न सम्भव छ ? र यसका लागि के-कस्ता पहल हुँदै छ ?**

– कोरोनाले ब्रेक लागेको यो क्षेत्रलाई अघि बढाऊनको लागि हामी अहिले आफ्नो सदस्यहरुमाझ विभिन्न सामाजिक संजाल तथा अनलाईनको मीटिंग प्ल्याटफर्मलाई प्रयोग गरेर एक-आपसमा सवन्मयात्मक कार्यक्रमहरु चलाउँदै छौ । हामी सबै सदस्यहरु अनलाईन माध्यमबाट अडिसन सम्पन्न गरेर अनलाईन ट्रेनिङ्ग मार्फत कार्यक्रमलाई सुचारु गर्ने योजनामा छौ र स्टुडियोमा निश्चित व्यक्तिहरुको संलग्नतामा र उहाँहरुको स्वास्थ्य जाँच गरि हाम्रा ब्युटी पेजेन्टको फाइनल कार्यक्रम गर्न सक्छौ । ब्पएब्ल् ले यस्को लागी आफ्नो सम्पूर्ण सदस्यहरु माँझ सवन्मयात्मक भूमिका निर्वाह गर्दैछ र त्यसका लागि चाहिने आवश्यक जनशक्ती तथा प्रविधिक सहयोग गर्दैछ ।

**० अहिले कोरोनको कहरमा तपाईले आम जनता र ब्युटी पेजेन्टमा आश्रित परिवारहरुलाई के कस्तो सहयोग गर्दै हुनुहुन्छ ?**

– अहिले कोरोनाले आक्रान्त पारेको वर्तमान समयमा हामी आ-आफ्नो स्थानबाट व्यक्तिगत वा सामुहिक रूपमा अहिले हामीमा आश्रित विभिन्न क्षेत्रमा काम गर्ने व्यक्तिहरुलाई राहत स्वरूप नगद तथा खाद्यान्न सहयोग प्रदान गरेका छौं । मैले पनि सामुहिक तथा व्यक्तिगत रूपमा आफ्नो सामाजिक उतरदायित्व तथा समाजसेवालाई विशेष प्राथमिकतामा राख्दै आफ्नो तर्फबाट हरेक सम्भव सहयोग पुर्याएको छु । हामीले स्थानीय सहयोग लिएर पिडित तथा आर्थिक रूपमा बिपन्न परिवारको पहिचान गरी उहाँहरुलाई खाद्यान्न तथा नगद सहयोग पुर्याएको छौं । यसैगरी लकडाउनको समयमा हामीले सुरक्षाकर्मीहरु तथा बटुवाहरुलाई पनि मास्क तथा स्यानीटाईजर पानीका साथै खाजाहरु प्रदान गरेका थियौं ।

**० आगामी दिनमा कस्ता कार्ययोजनाहरु छन् ?**

– सम्पूर्ण ब्युटी पेजेन्टसंग सम्बन्धित व्यक्ति तथा संस्थाहरुको साझा चौतारी ब्युटी पेजेन्ट असोसिएसन अफ नेपाल ले स्थिति सामान्य हुन साथ आफ्नो कार्यक्रमको गतिशिलतालाई अघि बढाउदै लानेछ । हामीले छिट्टै नै आफ्ना सबै सदस्यहरुलाई अभिमुखीकरण गर्ने तथा समय सापेक्षिक कार्यक्रम संचालनको ट्रेनीङ्ग प्रदान गर्दैछौ । सम्पूर्ण ब्युटी पेजेन्टहरुको बर्गिकरण गर्ने जसले गर्दा आगामी दिनमा सहभागी र आम जान समुदायलाई आफ्नो रोजाई अनुसारको प्रतियोगिताहरुमा सहभागी हुन सजिलो हुनेछ । बर्गिकरण गरिएको प्रतियोगितामा कोहि सहभागीले आफु कुनै कार्यक्रममा सहभागी हुँदा त्यसमा ठगीएको तितो अनुभव गर्न पाउदैनन किनकि त्यस प्रतियोगितको वर्गिकरण अनुसार आयोजकले सहभागीलाई विभिन्न सेवा सुविधा, मंच र अवसर प्रदान गर्नेछन । आगामी दिनमा हामी सम्पूर्ण ब्युटी पेजेन्ट क्षेत्रमा काम गर्ने व्यक्तिको लागि हामी स्वास्थ्य बिमाको पनि व्यवस्था गर्दैछौ ।

*– प्रस्तुती : कमल मण्डल*

# फेशन डिजाइनर काउन्सिल अफ नेपालको सल्लाहकारमा कोरियोग्राफर अश्विनी झा नियुक्त

काठमाडौं । फेशन डिजाइनर काउन्सिल अफ नेपालले आफ्नो सल्लाहकारमा कोरियोग्राफर अश्विनी कान्त झा लाई नियुक्त गरेको छ । छैठौं वार्षिकोत्सवको उपलक्ष्यमा फेशन डिजाइनर काउन्सिल अफ नेपालका अध्यक्ष अमित झाले शनिबार आयोजित एक समारोहमा अश्विनी झालाई नियुक्ति पत्र प्रदान गरेका छन् ।

सो कार्यक्रमको दौरान काउन्सिलका अध्यक्ष झाले बिगत डेढ दशक भन्दा लामो समय देखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मंचहरुमा मोडलिङ्ग, ब्युटी पेजेन्ट तथा फेशन कोरियोग्राफिको अनुभव संगाल्नुका साथै उच्च सफलता हासिल गरेका कोरियोग्राफर झा नेपाल तथा अन्तर्राष्ट्रिय फेशन जगत र ब्युटी पेजेन्ट क्षेत्रलाई राम्ररी बुझेका छन् र उनलाई सल्लाहकारको रुपमा संस्थाले पाउँदा उनको शिप, दक्षता तथा लामो समयको अनुभवलाई संस्थाको हितमा प्रयोग गर्न सके समस्त फेशन डिजाईनरका साथै यस फेशन डिजाइनर काउन्सिल अफ नेपालले पनि निकै लाभ लिन सक्ने बताए । उनले विभिन्न प्रतिष्ठित पुरष्कार तथा सम्मान द्वारा सम्मानित कोरियोग्राफर अश्विनी झाले आफ्नो निजी जिन्दगीमा पाउनु भएको सफलता सरह नै आफ्नो सल्लाह सुझाव र मार्गदर्शनले फेशन डिजाइनर काउन्सिल अफ नेपाललाई सफल बनाउन सहयोग पुर्याउनेछ भनि आशा व्यक्त गरे ।

यसैगरी सोहि कार्यक्रममा काउन्सिलका अध्यक्ष झाले विगत पाँच वर्षमा संस्थाले गरेका कार्यहरु र प्रगतीहरु सम्बन्धी पनि प्रकाश पारे । कार्यक्रममा कोरियोग्राफर अश्विनी झाले फेशन डिजाइनर काउन्सिल अफ नेपाललाई उक्त जिम्मेवारीको लागी योग्य ठानी दिएकोमा धन्यबाद दिदै कोरियोग्राफर र फेशन डिजाईनर एक अर्काको परिपुरक रहेको बताए ।

कोरियोग्राफर झाले आफ्नो बिगतको अनुभवलाई कोट्याउँदै आफ्नो सुरुवाती मोडलिङ्ग गर्दाको दिनहरु देखिनै उहाँलाइ फेशन डिजाइनरहरुको एकदमै ठुलो साथ र सहयोग प्राप्त भएको आज कोरियोग्राफरको भूमिकामा रहँदा पनि आफ्नो सफलतामा फेशन डिजाईनरहरुको साथ र सहयोग रहेको बताए ।

उनले वर्तमान समयमा कोभिडको कारणले सम्पूर्ण क्षेत्रलाई प्रभाव पारेको र फेशन डिजाईनिङ्ग क्षेत्रका साथै मोडलिङ्ग र ब्यूटी पेजेन्ट क्षेत्रलाई झनै असर गरेको बताउदै अब छिट्टै नै हामी सबै मिलेर यस क्षेत्रलाई पुरानै अवस्थामा ल्याई पुर्याउनेछौ भनि विश्वास व्यक्त गरे ।

## महन्थ...

राजनीतिक दलसम्बन्धी ऐनमा दल विभाजन गर्न केन्द्रीय समिति र संसदीय दल दुवैमा ४० प्रतिशत हुनुपर्ने व्यवस्था छ । तर, ठाकुरपक्षसँग दुवै नभएकोले नयाँ दल दर्ता गर्नुपर्ने देखिन्छ ।

यादव पक्षमा खुलेका केही नेताहरु शेरबहादुर देउवाले मन्त्रिमण्डल विस्तार गरेपछि भने आफूहरुतिर फर्किने आशा ठाकुर पक्षको छ । सांसदको संख्या ४० प्रतिशत पुऱ्याउन सकिन्छ कि भनेर ठाकुर पक्ष अहिले लागेको देखिन्छ । उनीहरुले सकभर सांसद पद नगुमाउनेगरी अघि बढ्न खोजेको नेताहरुको भनाइ छ ।

उपेन्द्र पक्षले कारबाही गरेको अवस्थामा सबै सांसद पदमुक्त हुने चिन्ता ठाकुर पक्षका सांसदहरुलाई छ ।

**रेशम चौधरी कता?**

रेशम चौधरीको कार्यकारिणी सदस्य पद रहे-नरहेकोबारे पार्टीमा अलमल देखिएको छ । प्रचार विभाग प्रमुख समेत रहेका कार्यकारिणी सदस्य डम्बर खतिवडाले भने रेशम चौधरीलगायत १७ जनाले जसपामा छैन भनि निर्वाचन आयोगमा हस्ताक्षर गरेकाले उनीहरु स्वत पार्टीमा नरहने दावी गरे ।

रेशम चौधरीले पार्टीमा बस्न चाहेको हो भने आफ्नो लाइन स्पष्ट पार्नुपर्ने उनको भनाइ छ ।

उनले थपे, रेशमजी तटस्थ बस्नु भएको छ, पार्टीको आधिकारिकता उपेन्द्र यादवको पक्षमा गएपछि उहाँले अब स्पष्ट गर्नुपर्छ । उहाँले म जसपामा छु भन्नुभएको छैन, उहाँले म तटस्थ बसेको छु भन्नुभएको छ ।'

निर्वाचन आयोगमा भएको हेडकाउन्टमा महन्थ ठाकुर पक्षका १६ जनाले विपक्षमा मतदान गरेका थिए भने रेशम चौधरी तटस्थ बसेका थिए । ३४ जना कार्यकारिणी सदस्यले आधिकारिकताका लागि भएको हेडकाउन्टमा पक्षमा हस्ताक्षर गरेको कारण उनीहरु मात्र कार्यकारिणी सदस्य रहेको ठहर गरेको छ । **संगठन सुदृढीकरण र जनजागरण अभियान**

जसपाले भदौदेखि ४ महिना संगठन सुदृढीकरण र जनजागरण अभियान सञ्चालन गर्ने भएको छ ।

जसपा कार्यकारिणी समितिको बिहीबार बसेको बैठकले भदौ १ देखि मंसिर मसान्तसम्म संगठन सुदृढीकरण र जनजागरण अभियान सञ्चालन गर्ने निर्णय गरेको हो ।

अभियान सञ्चालनका लागि कार्यकारिणी सदस्यहरूको अभियान केन्द्रित अस्थायी कार्यविभाजन गरिएको छ । यस्तै बैठकले केन्द्रीय सल्लाहकार समितिको अध्यक्षमा विष्णुहरि शर्मा र अनुशासन आयोगको प्रमुखमा नरसिंह चौधरीलाई जिम्मा दिने निर्णय गरेको छ ।

अनुशासनसम्बन्धी छानबिनका लागि नवराज सुवेदीको संयोजकत्वमा समिति बनाइएको छ । समिति गोविन्द चौधरी, प्रकाश अधिकारी, दुर्गा सोव र सुशीला श्रेष्ठ रहेका छन् ।

## उखु...

अन्नपूर्ण चिनी मिल धनकौल, महालक्ष्मी चिनी मिल बगदह, नवलपरासीको लुम्बिनी चिनी कारखाना, इन्दिरा सुगर मिल र रौतहटको श्रीराम सुगर मिलसहित गरी १५ करोड रुपैयाँ सरकारले कबुल गरेको रकममध्येबाट भुक्तानी हुन बाँकी रहेको छ ।

यसैगरी, नेपाल सरकारले थप गरेको उखुको समर्थन मूल्य ८ रुपैयाँ बागमती खानसारी मिल नवलपरासीले दिन मानेको छैन । सरकारले उखुको समर्थन मूल्य निर्धारण गर्दा किसानहरुको तर्फबाट प्रतिनिधि राखिनुपर्दछ र चिनी मिल उद्योग परिसरमा मिलद्वारा जडान गरिएको तौलकाटामा उखु तौल हुँदा किसानको प्रतिनिधि राख्नुपर्दछ । ताकि सुख्खा कट्टीको नाममा नियमविपरीत धाक, धम्की देखाई २० प्रतिशतसम्म तौलमा सुख्खा कट्टीको नाममा घटाउने परिपाटी बन्द हुनेछ ।

साथै, प्रथम किसान शहीद नारायण रायको परिवारलाई क्षतिपूर्ति दिलाउने जिम्मा लिएको उद्योग मन्त्रालयले त्यो पनि गराएन । यसरी पटक-पटक उपरोक्त कुराहरु उद्योग मन्त्रालय समक्ष राख्दा पनि सुनुवाई भइरहेको छैन । अतः किसानहरु पुनः काठमाडौंकेन्द्रित आन्दोलन गर्न बाध्य भएको बताएका छन् ।

किसानहरु कमजोर, निमुखा सम्झेर फेरि पनि रकम नदिने षड्यन्त्र उद्योगी र सरकारबाट भइरहेको छ ।

'कोरोना महामारीका कारण मानवताको ख्याल गर्दै न्यायिक संघर्षको कार्यक्रम अघि बढाउन सकिएन । काठमाडौंमा निषेधाज्ञा पनि जारी रहेको अवस्था छ । अब पनि भदौ ५ गतेसम्म किसानहरुको सम्पूर्ण भुक्तानी भएन भने पुनः उखु किसानहरु आन्दोलन गर्न बाध्य हुनेछ । यसबाट उत्पन्न सम्पूर्ण परिस्थितिको जिम्मेवार नेपाल सरकार नै हुनेछ ।' विज्ञप्तिमा भनिएको छ ।



## आर्थिक समाचार

### नेपाल लाइफको 'नौलो केटाकेटी जीवन बीमा योजना' सार्वजनिक




काठमाडौं । नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले केटाकेटी शिक्षा र विवाह सावधिक जीवन बीमा योजनाको व्यापक सफलता पश्चात् अझ परिस्कृत रुपमा **'नौलो केटाकेटी जीवन बीमा योजना'** सावधिक जीवन बीमा ल्याएको छ । नेपाल लाइफले ग्राहकको आवश्यकता तथा चाहना अनुसारका बीमा योजनाहरु बजारमा ल्याउने क्रममा यो नौलो केटाकेटी जीवन बीमा योजना ल्याएको हो ।

यस नौलो केटाकेटी जीवन बीमा योजनामा १ वर्षदेखि १७ वर्षसम्म उमेर समुहका बालबालिकाको ५ वर्षदेखि ३० वर्षसम्म समय अवधिको न्यूनतम रु. १,००,०००/- देखि आम्दानीको आधारमा अधिकतम बीमाङ्क छनोट गर्न सकिने कम्पनीले विज्ञप्तिमा जनाएको छ ।

यस सावधिक जीवन बीमालेखमा १ वर्षदेखि ७ वर्षसम्म उमेर भएको बीमितको बीमा प्रारम्भ मितिबाट २ वर्ष पूरा भएपश्चात वा ७ वर्ष उमेर पूरा भएपश्चात (जुन पछि आउँछ) मात्र बीमालेख अन्तर्गतको जोखिम प्रारम्भ हुनेछ । त्यसैगरि बीमितको उमेर ८, ९ वर्ष भएमा १० वर्ष पुरा भएपछि र बीमितको उमेर १०, ११ वर्ष भएमा बीमाको बार्षिकोत्सव मितिदेखि बीमालेख अन्तर्गतको जोखिम प्रारम्भ हुनेछ ।

बीमालेख परिपक्व अवधिसम्म बीमित जीवित रहेमा बीमाङ्क रकम र आर्जित बोनस एकमुष्ठ प्रदान हुनेछ । कथमकदाचित बीमाको जोखिम प्रारम्भ हुनु अगावै बीमितको मृत्यु भएको खण्डमा सम्पूर्ण बीमा शुल्क (ऐच्छिक बीमा शुल्क बाहेक) प्रस्तावकलाई भुक्तान गरिनेछ ।

त्यसैगरी बीमा जोखिम प्रारम्भ पश्चात बीमितको मृत्यु भएमा तत्काल बीमाङ्क रकमको २५ प्रतिशत भुक्तान दिइनेछ भने बाँकी ७५ प्रतिशत बीमाङ्क रकम र आर्जित बोनस रकम व्याज सहित एकमुष्ठ बीमा अवधि समाप्तीमा प्रस्तावकलाई भुक्तान गरिनेछ ।

वार्षिक ३ किस्ता बीमाशुल्क भुक्तानी गरी जोखिम प्रारम्भ भएको बीमालेखमा ३ वर्ष पूरा भए पश्चात समर्पण मूल्य प्राप्त हुनेछ भने समर्पण मूल्यको ९० प्रतिशतसम्म कर्जा प्राप्त गर्न सकिनेछ ।

यदि बीमाशुल्क छुट सुविधा लिएको छ भने यस बीमालेखले प्रस्तावकको जोखिम समेत बहन गर्ने छ । बीमालेख चालु रही बीमा अवधि भित्र प्रस्तावकको दुर्घटनाको कारणबाट स्थायी अङ्गभङ्ग भई स्थायी अशक्तता भएमा बाँकी बीमाशुल्क भुक्तानीमा पूर्ण छुट दिइनुका साथै अपाङ्ग अशक्त सुविधा बराबर रकम मासिक १२० समान किस्ता मा अपाङ्ग अशक्त सुविधा उपलब्ध गराइने छ ।

मासिक आय सुविधा (MIB) लिएको अवस्थामा बीमालेख प्रारम्भ भएपश्चात बीमा प्रस्तावको मृत्यु भएमा, मृत्यु भएको अर्को महिनादेखि मासिक आय सुविधा बीमाङ्कको १ प्रतिशत रकम मासिक रुपमा केटाकेटी १८ वर्ष वा बीमा अवधि समाप्ति (जुन अगाडि आउँछ) सम्म कम्पनीले उपलब्ध गराउने छ । त्यसैगरी बच्चाको जोखिम कभर सुविधा लिएका बीमितको हकमा बीमा प्रारम्भ भएको २ वर्ष पश्चात नै बच्चाको जोखिम बहन गर्न सकिनेछ ।

समयसापेक्ष नेपाल लाइफले प्रविधिमैत्री सेवा प्रदान गर्दै आइरहेको छ । नेपाल लाइफको बीमा शुल्क (प्रिमियम) विभिन्न डिजिटल पेमेन्ट सिस्टम तथा डिजिटल वालेटबाट कुनै पनि ठाउँबाट जुनसुकै समयमा भुक्तानी गर्न सकिने सुविधा प्रदान गरेको छ ।

नेपाल लाइफको प्रिमियम डिजिटल वालेटहरु ई-सेवा, खल्ती, कनेक्ट आइपीएस, फोन पे, आईएमई पे तथा प्रभु पे लगायतबाट अनलाइन भुक्तानी गर्न सकिन्छ । ग्राहकहरूको हितलाई ध्यानमा राखी कम्पनीले समयसापेक्ष आवश्यकता अनुसार सेवा तथा सुविधामा परिमार्जन एवं परिष्कृत गर्दै लैजाने प्रतिबद्धता व्यक्त गरेको छ ।

### आइएमई पे र साइकल सिटी नेटवर्क नेपाल (ग्रीन वे) बीच सम्झौता

काठमाडौं, १४ साउन । आइएमई ग्रुपद्वारा संचालित आइएमई डिजिटल सोलुसन लिमिटेडद्वारा प्रवर्द्धित 'आइएमई पे' र साइकल सिटी नेटवर्क नेपाल (ग्रीन वे) बीच सम्झौता भएको छ । नेपालमा दिगो विकास तथा स्वास्थ्य जीवन र स्वच्छ शहरका लागि साइकल यात्रा अभियानको प्रवर्द्धन गर्न सहभागी हुने साइकल यात्रीलाई १ कि.मि साइकल यात्रा गरे बापत रु ३ प्रदान गरिनेछ र सो रकम भुक्तानी गर्ने पेमेन्ट पार्टनर आइएमई पे रहेको छ ।

साइकल सिटी नेटवर्क नेपाल (ग्रीन वे) र आइएमई डिजिटल सोलुसन लिमिटेडबीच भएको सम्झौता पश्चात अबदेखि ग्रीन वे एपले आइएमई पे मार्फत भुक्तानी सेवा प्रदान गर्ने छन् ।

उक्त अवसरमा बोल्दै आइएमई डिजिटल सोलुसन लिमिटेडका व्यापार व्यवस्थापक प्रमुख आमोद भट्टराईले साइकल सिटी नेटवर्क नेपाल ( ग्रीन वे) को साइकल यात्रा प्रवर्द्धन अभियानलाई संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर) को हिस्साका रूपमा समर्थन गर्दै 'आइएमई पे' को भुक्तानी सेवा सेवाग्राहीहरुले अधिकतम फाइदा लिनेमा आफू विश्वस्त रहेको बताए ।

सेवा शुरुआत गरिएको उपलक्ष्यमा बोल्दै साइकल सिटी नेटवर्क नेपाल (ग्रीन वे) को अध्यक्ष सैलेन्द्र डंगोलले साइकल यात्रा प्रवर्द्धन अभियानमा सहभागी साइकल यात्रीलाई आइएमई पे मार्फत भुक्तानी गर्न सकिने हुँदा सेवाग्राहीहरूलाई अझ सजिलो हुने र सोही एप प्रयोग गर्दा क्यास ब्याकको फाइदा पनि उठाउन सक्ने विश्वास ब्यक्त गरे ।


**मिथिला दर्शन**
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**
**मोबाइल : ९८४३१४६४८८**
**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**
Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं